
# लेखापरीक्षण प्रतिवेदन

# ईशनाथ नगरपालिका, रौतहट

## आर्थिक वर्ष २०८०/८१




## महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

# लेखापरीक्षण प्रतिवेदन

## ईशनाथ नगरपालिका, रौतहट

आर्थिक वर्ष २०८०/८१

## महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

## दूरदृष्टि
(VISION)

**जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था**

*(Be A Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य
(MISSION)

**राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने**

*(Provide independent and Quality Audit Service to the Nation)*

## मूल्य मान्यता
(CORE VALUES)

| | |
|---|---|
| ***स्वतन्त्रता*** | *(Independence)* |
| ***निष्ठा*** | *(Integrity)* |
| ***पारदर्शिता*** | *(Transparency)* |
| ***जवाफदेहिता*** | *(Accountability)* |
| ***व्यावसायिकता*** | *(Professionalism)* |

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
मधेश प्रदेश लेखापरीक्षण निर्देशनालय
काठमाडौं

प.सं.:2081/82 मिति : २०८२-२-५

च.न.:FAR/2080-81/LOC/24

**विषयः लेखापरीक्षण प्रतिवेदन।**

श्री प्रमुखज्यू,
ईशनाथ नगरपालिका, नगर कार्यपालिकाको कार्यालय,
औंरैया, रौतहट।

**कैफियत सहितको राय**

हामीले ईशनाथ नगरपालिकाको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेटको तुलनात्मक विवरण, स्थानीय संचित कोषको वार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणको लेखापरीक्षण गरी रायसहितको प्रतिवेदन पेस गरेका छौं।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेश भएको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेटको तुलनात्मक विवरण, स्थानीय संचित कोषको वार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणी समावेश भएको एकीकृत वित्तीय विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ लगायत सम्बन्धित प्रचलित कानुन बमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१. नगरपालिकाको आर्थिक कार्य प्रणालीको लेखाङ्कन गर्न स्थानीय संचित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ। नगरपालिकाले पेश गरेको प्राप्ति र भुक्तानीको एकीकृत वित्तीय विवरण (म.ले.प.फा.नं.२७०) मा अन्तरसरकारी वित्तीय हस्तान्तरणबाट प्राप्त गरी खर्च भएको सामाजिक सुरक्षा तथा संरक्षणको रु. १८ करोड ८३ लाख ५० हजार र पर्यटन पूर्वाधार विकासको रु. ९ लाख ६६ हजारसमेत गरी रु.१८ करोड ९३ लाख १६ हजार समावेश गरेको छैन।

२. नगरपालिकाको लागि संघीय सरकारबाट ससर्त अनुदान रू. १६ करोड ८ लाख ३३ हजार, समपूरक अनुदान रू. १ करोड ५० लाख र विशेष अनुदान रू. १ करोड ५१ लाख ५० हजार समेत रू. १९ करोड ९ लाख ८३ हजार प्राप्त भएकोमा वर्षान्तसम्म खर्च भई बचत रहेको रु. १ करोड ६६ लाख २९ संघीय संचित कोषमा फिर्ता गरेको छ। सङ्घबाट प्राप्त भएको अनुदान रकम खर्च हुन नसक्दा स्वीकृत कार्यक्रम कार्यान्वयनमा असर परेको छ।

३. नगरपालिकाको रु. १ अर्ब २५ करोड ७८ लाख ६ हजारको लेखापरीक्षण गरिएकोमा रु. १ करोड ८ लाख ८० हजार बेरुजू देखिएको छ। सो सम्बन्धमा प्रतिक्रियाबाट रु. ३२ लाख ४१ हजार फर्स्यौट भई बाँकी बेरुजु असुल गर्नुपर्ने रू. ६ लाख ७१ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू. ३० लाख ६८ हजार, नियमित

गर्नुपर्ने रु. ३० लाख २९ हजार र पेस्की बाँकी रु. ८ लाख ७० हजार गरी यष वर्ष रू. ७६ लाख ३८ हजार बेरुजु कायम रहेको छ। पालिकाको गत वर्षसम्म रु. ७५ करोड ५४ लाख ५८ हजार बेरुजू बाँकी रहेकोमा यो वर्ष समायोजन र सम्परीक्षणबाट फस्यौंट एवं कायम भएको बेरुजु समेत हालसम्मको अद्यावधिक बेरुजू रु. ६८ करोड ६४ लाख ७६ हजार रहेको छ। **बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको बेहोरा यसैसाथ संलग्न छ।**

४. नगरपालिकाले वित्तीय विवरण नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचामा तयार गरेकोमा लेखा टिप्पणीहरु ८, १४, १७, सम्पत्ति तथा राजश्व लगायतका विवरणहरु खुलासा गरेको छैन।

लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षणमान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम गरिएको छ। एकीकृत वित्तीय विवरण तयार गर्ने नगरपालिकासँग हामी स्वतन्त्र छौं। त्यसका लागि स्वीकृत आचार संहिता अनुसार हामीले काम गरेका छौं। लेखापरीक्षणको क्रममा प्राप्त भएका आधार र प्रमाणहरू राय व्यक्त गर्न पर्याप्त र उपयुक्त छन् भन्नेमा विश्वस्त छौं।

## अन्य बेहोरा

लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, लक्ष्य अनुसार असुली नभएको, कर्मचारीको दरबन्दी अनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा असर परेको, अनुदानको पर्याप्त अनुगमन नभएको, तलबी प्रतिवेदन पारीत नभएको, आन्तरिक लेखापरीक्षण प्रतिवेदन पेश नभएको, इन्धन खपतको अभिलेख नराखेको, घटि जिम्मेवारी सारेको, वितरणमुखी खर्च भएको र आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको लगायतका बेहोरा यस प्रतिवेदनमा औंल्याइएको छ।

## वित्तीय विवरण उपर व्यवस्थापनको जिम्मेवारी

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम वित्तीय जिम्मेवारी र जवाफदेहिता जिम्मेवार व्यक्तिमा रहेको हुन्छ। त्यसैगरी नेपाल सरकारबाट स्वीकृत भई महालेखा नियन्त्रक कार्यालयबाट लागू भएको नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम आर्थिक कारोवारको सही र यथार्थ अवस्था चित्रण हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा त्रुटिका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी नगरपालिका व्यवस्थापनमा रहेको छ। नगर कार्यपालिका, नगरपालिका प्रमुख र प्रमुख प्रशासकीय अधिकृत वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

## वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी

वित्तीय विवरण समग्रमा जालसाजी वा त्रुटिका कारण सारभूत रूपमा गलत आँकडारहित रहेको छ भनि यथोचित आश्वस्तता प्राप्त गरी रायसहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो। लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ। लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेकोनेपाल सरकारी लेखापरीक्षणमान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम लेखापरीक्षण कार्यसम्पादन गरिएको छ। यसरी लेखापरीक्षण गरिएको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय कारोवारको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तर्निहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका जालसाजी वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

(ईन्द्र प्रसाद आचार्य)

नायब महालेखापरीक्षक

**बेरुजु वर्गीकरण**

**चालु वर्षको बेरुजु**

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | प्रतिक्रियाबाट थप बेरुजु रकम | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | असुल गर्नु पर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | | दफा संख्या | | रकम | असुल गर्नु पर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | पेस्की |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | सैद्धान्तिक | लगती | | | | | | | | |
| ५६ | ८३ | १,०८,७९,५६९ | ० | ४२ | ३२,४१,२६२ | ० | ५६ | ४१ | ७६,३८,३०७ | ६,७०,७२० | ३०,२९,९७७ | ३०,६७,६१० | ० | ० | ६०,९७,५८७ | ८,७०,००० |

**अद्यावधिक बेरुजू स्थिति**

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष फस्यौट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| ईशनाथ नगरपालिका, रौतहट | ७५५४५८००० | ० | ७६६२००८५ | ६७८८३७९१५ | ० | ७६३८३०७ | **६८,६४,७६,२२२** |

**बेरुजु सम्परीक्षणको विवरण**

| क्र.सं | आर्थिक वर्ष | बेरुजुको दफा | बेरुजुको व्यहोरा | सम्परीक्षण भएको रकम |
|---|---|---|---|---|
| १ | २०८०/८१ | ६८ | समायोजन ग्रेड | ४,७२,६६८ |
| २ | २०८०/८१ | ६७ | ल्यापटप खरिद | १४,६८,४३५ |
| ३ | २०८०/८१ | ७० | राजश्व दाखिला गर्नुपर्ने | ५,९५,७६० |
| ४ | २०८०/८१ | २९ | बिज्ञापन बोर्डमा रकम नपठाएको | ३२,३६३ |
| ५ | २०८०/८१ | ५८ | बिज्ञापन बोर्ड | १३,३०० |
| ६ | २०८०/८१ | ६४ | बढी ग्रेड भुक्तानी | ८,७३६ |
| | | | | |

| | | | | |
|---|---|---|---|---|
| ७ | २०८०।८१ | २४ | फर्छयौट हुन बांकी पेश्की | ६५०००० |
| ८ | २०७९/८० | | विद्यालय भौतिक पूर्वाधार निर्माण | ६४,४३,२६६ |
| ९ | २०७८/७९ | | विषय शिक्षक सहयोग अनुदान :- | ८,६३,७६० |
| १० | २०७८/७९ | | बिल भरपाइ तथा खर्चको पुष्टयाईं | १५,४६,७३४ |
| ११ | २०७८/७९ | | घटी राजश्व | १,८६,००० |
| १२ | २०७७/७८ | | पेश्की व्यवस्थापन | ४,४९,९२५ |
| १३ | २०७६।७७ | १०६ (७) | शौचालय निर्माण सम्बन्धी कार्य सम्पन्न प्रतिवेदन समेत पेश भई फस्यौंट तथा सम्परीक्षण भएको । | ७००००० |
| १४ | २०७६।७७ | ३१ (४१) | शिवपुजन महतोको सामाजिक सुरक्षा भत्ता समेतको पेश्की फस्यौंट तथा सम्परीक्षण भएको । | ६०५९२०० |
| १५ | २०७५।७६ | ७६ (२३) | शिवपुजन महतोको सामाजिक सुरक्षा भत्ता समेतको पेश्की फस्यौंट तथा सम्परीक्षण भएको । | ७८६०४०० |
| १६ | २०७५।७६ | ७६ (१८) | राजदेव रामको सामाजिक सुरक्षा भत्ता समेतको पेश्की फस्यौंट तथा सम्परीक्षण भएको । | ५६१७६०० |
| १७ | २०७४।७५ | ५५ (१६) | शिवपुजन महतोको सामाजिक सुरक्षा भत्ता समेतको पेश्की फस्यौंट तथा सम्परीक्षण भएको । | ७१३०८०० |
| १८ | २०७४।७५ | ५५ (८) | राजदेव रामको सामाजिक सुरक्षा भत्ता समेतको पेश्की फस्यौंट तथा सम्परीक्षण भएको । | ३९७६२४०० |
| जम्मा | | | | **७९८६१३४७** |

# (८०२२०४०१३०० - ईशनाथ नगरपालिका, रौतहट )

# परिचय

१

**(क) कार्यालय परिचय :-** स्थानीय शासन पद्धति सुदृढ गरी विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यास संस्थागत गर्दै स्थानीय सरकार सञ्चालन गर्न यस पालिकाको स्थापना भएको हो । स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वय प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ । यस पालिकामा ९ वडा रहेको छ भने क्षेत्रफल ३५.१७ वर्ग किलोमिटर जनसंख्या ५३८५३ जना र सभासद संख्या ४७ रहेको छ ।

**(ख) लेखापरीक्षणको उद्देश्य :-** लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०८०/८१ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानुनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य हुनेछ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :-** यस कार्यालयको विनियोजन, राजस्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८०/८१ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८१।९।९ देखि २०८१।९।११ सम्म रहेको छ ।

**(घ) लेखापरीक्षण विधि :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

**(ङ) लेखापरीक्षणको सीमा :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

**(च) आर्थिक कारोबारको स्थिति :-** कार्यालयको विनियोजनतर्फ आय रु. ६७०९८९३१४ व्यय रु ६४४५००९८८ को गरी जम्मा रु.१३१५४९०३०२ को लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को विस्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

| सि.नं | आय तर्फ | | | व्यय तर्फ | | |
|---|---|---|---|---|---|---|
| | विवरण | रकम | रकम | विवरण | रकम | रकम |
| १ | गत वर्षको जिम्मेवारी | | ५७६८४५९३.४३ | चालु खर्च | | २८५३९६६३६.५२ |
| | ग-३-१ स्थानिय तह धरौटि खाता | १४३३५१९७.९० | | चालु खर्चन.पा. | १२७८६५३३५.९४ | |
| | ग-४-१ स्थानियतह संचित कोष खाता | ४०४४००२७.११ | | सशर्त अनुदान चालु | १५७५३१३००.५८ | |
| | ग-२-७ बिबिध खर्च खाता | ४८२४१४.३७ | | पूँजीगतखर्च | | १६१६५०४७७.११ |
| | ग-७-२ स्थानियतह प्रकोप व्यवस्थापन कोष | २४२६९५४.०५ | | न.पा. पुजिगतखर्च | १२२३३९२५९.०० | |
| २ | राजस्व (आन्तरिक आय) | | ९६८३८३०३.१० | सशर्त पुजिंगत संघ | ३३४५२८७३.०५ | |
| | आन्तरिक आय | ३९३१४६५.१८ | | विषेश अनुदान प्रदेश | ३००००००.०० | |
| | राजस्व बाँडफाँड (सघं) | ८१६८१०३७.९२ | | समपुरक अनुदान | २००००००.०० | |
| | राजस्व बाँडफाँड (प्रदेश) | ४४४९५९१.०० | | बिबिध खर्चयुनिसेफ | ८५८३४५.०६ | |
| | मालपोत रजिष्टेशन | ६७७६२०९.०० | | ग ७.२, स्थानीय तह प्रकोप व्यवस्थापन कोष खर्च | | २२४८०६५.०० |
| ३ | वित्तिय हस्तान्तरणसंघ | | ३०२४९११७८.८८ | धरौटी फिर्ता | ० | ५८८९२६४.८२ |
| | वित्तीय समानीकरण अनुदान | १११५०७०००.०० | | विषयगत निकायबाटप्रास | | |
| | सशर्त अनुदान चालु | १५७५३१३००.५८ | | सामाजिक सुरक्षा | | १८८३५००३१.०० |
| | सशर्त अनुदान पूर्जिगत | ३३०२८५८.३० | | पर्यटनपूर्वाधार विकास | | ९६६५१३.०० |
| | समपूरक अनुदान | १५००००००.०० | | मोज्दात | | २६४८८३२६.६६ |
| | विशेष अनुदान | १५१५००२०.०० | | ग ४.१, स्थानीय तह सञ्चित कोष खाता | १७०९९३३.६८ | |
| ४ | प्रदेश सरकारबाटप्रास अनुदान | | १३७८२०००.०० | ग २.७, विविध खर्च खाता | ८६३४१४.३५ | |
| | वित्तीय समानीकरण अनुदान | ८७८२०००.०० | | ग ३.१, स्धानीय तह धरौटी खाता | १८९४१६२७.८० | |
| | सशर्त अनुदान | ०.०० | | ग-२-३पुजिँगत खर्च खाता बिजोर वर्ष | २३८४९४४.६९ | |
| | समपुरक अनुदान | २००००००.०० | | ग-२-१ चालुखर्च खाता बिजोर वर्ष | २४०९५१७.०९ | |
| | विशेष अनुदान | ३००००००.०० | | ग-१-२बाँडफाँडवाट प्रास राजश्व | ० | |
| ५ | विषयगत निकायबाटप्रास | | १८९३१६५४४.०० | ग-१-१आन्तरिक राजश्व | ० | |
| | सामाजिक सुरक्षा | १८८३५००३१.०० | | ग-१-३आन्तरिक अनुदान खाता | ० | |
| | पर्यटनपूर्वाधार विकास | ९६६५१३.०० | | ग ७.२, स्थानीय तह प्रकोप व्यवस्थापन कोष खाता | १७८८८९.०५ | |
| ६ | विभिन्न कोषतर्फको | | १०८७६६९४.७० | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | आय | | | | | |
| | **विविध खर्च खाता** | **३८०९९९.९८** | | | | |
| | **धरौटी आय** | **१०४९५६९४.७२** | | | | |
| | **जम्मा :** | | **६७०९८९३१४.११** | **जम्मा :** | | **६७०९८९३१४.११** |

**(छ) लेखापरीक्षणको क्रममा असूलीः** लेखापरीक्षणको क्रममा रकम रु. २५००० असूली भई प्रमाण पेश भएको छ ।

| सि.नं | बिवरण | रकम रु. |
|---|---|---|
| १ | दोहोरो समाजिक सुरक्षा भुक्तानी भएको रकम असूली भई बैंक दाखिला भएको छ । | १२००० |
| २ | कर कट्टी रकम असुली र दाखिला भएको प्रमाण पेश । | १३००० |
| | जम्मा | २५००० |

# लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

२ **सार्वजनिक परीक्षण** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो वनाउन कार्यक्रमको सामाजिक परीक्षण अन्तर्गत सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था बमोजिमको कार्य भएको पाइएन । तोकिए बमोजिम सार्वजनिक परीक्षण गरी पालिकाबाट हुने आर्थिक कारोबारमा जवाफदेहिता र पारदर्शिताको प्रवर्द्धन गर्नु पर्दछ ।

३ **रकमान्तर**: आर्थिक कार्यबिधि तथा बित्तिय उत्तरदायित्व ऐन, २०७६ को दफा २० बमोजिम कुनै एक अनुदान संकेत अन्तर्गतको बजेट उपशीर्षकमा अपुग भएमा सोही शीर्षकमा तोकिएको एक वा एक भन्दा बढी अनुदान संकेत अन्तर्गतको उपशीर्षकमा बचत हुने रकम मध्येबाट बिनियोजन ऐनमा तोकिएको सिमाभित्र रही रकमान्तर गर्न सकिने ब्यवस्था छ । पालिकाको बिनियोजन ऐन, २०८० मा रकमान्तरको प्रावधान रहेको छैन । सभाको निर्णय बमोजिम बिभिन्न शीर्षकमा (घटाउने रु.१० करोड १३ लाख २९ हजार र बढाउने रु.१० करोड १३ लाख २९ हजार) रू.१० करोड १३ लाख २९ हजार अर्थात् कुल बजेट रू.५० करोड ६९ हजारको २०.२६ प्रतिशत रकमान्तर गरी खर्च गरेको देखिन्छ । अतः यस्तो कार्यमा नियन्त्रण हुनु पर्दछ ।

४ **योजना संशोधनः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा पालिकाले योजना वनाई कार्यान्वयन गर्ने व्यवस्था रहेको छ । स्वीकृत योजनाको अनुगमन तथा मूल्याङ्कन समेत गर्नुपर्ने व्यवस्था छ । यस वर्ष कार्यपालिकाले ११५ वटा योजना संशोधनको निर्णय गरेको छ । यस्तो संशोधन औचित्यताको आधारमा गर्नु पर्दछ ।

| **सि.नं.** | **विवरण** | **रकमरु.** |
|---|---|---|
| १ | वडा नं. १ देखि ४ सम्म विद्युत पोल तार तथा ट्रान्सफर्मर जडान | ५०००००० |
| २ | सडक मर्मत ढलान तथा नाला निर्माण | ३४११३०० |
| ३ | अन्य सार्वजनिक निर्माण | १९००००० |
| ४ | वडा कार्यालय भवन निर्माण | २५००००० |
| ५ | मनसरी टोलमा बिभिन्न गली ढलान | १२००००० |

५ **ठेक्का अभिलेख** - सार्वजनिक निर्माण कार्य गर्ने हरेक निकायले ठेक्का अभिलेख म.ले.प.फा.नं. ५०७ को ढाँचामा अद्यावधिक गरी राख्नुपर्ने व्यवस्था छ । निर्माण कार्यको विस्तृत अभिलेखांकनको लागि प्रयोग गरिने ठेक्का सम्बन्धी अभिलेखले कूल गर्नुपर्ने कार्य, हाल सम्म भएको कामको परिमाण, मूल्य, कार्य सम्पादन जमानत, पेश्की ग्यारेन्टीको अवस्था, काम सम्पन्न गर्नुपर्ने मिति, भेरिएशन

लगायतको जानकारी उपलब्ध हुन्छ । तर कार्यालयले उक्त विवरण देखिने गरी अभिलेख आंशिक रुपमा भरी राखेको पाइयो । अतः स्वीकृत ढाचा अनुसार सवै विवरण खुल्ने गरी ठेक्का अभिलेख अद्यावधिक गरी राख्नु पर्दछ।

६ **लागत सहभागिता** — पालिकाले आयोजना/कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्ने, नगद सहभागिता तोकिएको अवस्थामा सहभागिता वापतको रकम सम्बन्धित स्थानीय तहको खातामा दाखिला गरी सो को भौचर प्राप्त भएपछि मात्र उपभोक्ता समितिसँग योजना सम्झौता गर्नुपर्ने गर्नुपर्दछ । तर पालिकाले लागत सहभागिता सहितका लागत अनुमान तयार गरेको देखिएन । अतः नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्दछ ।

७ **वित्तीय विवरणको यथार्थता**

पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवदेन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) तयार गर्नुपर्छ । पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रु १८८३५००३१ पर्यटन पुर्वाधारको रु ९६६५१३ जम्मा रु १८९३१६५४४ सुत्रमा लेखाङ्कन गरेको छैन । जसले गर्दा सुत्रबाट तयार भएको वित्तीय विवरणसमेत पूर्ण नहुँदा पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन । तसर्थ सबै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश गर्ने व्यवस्था गर्नुपर्दछ ।

८ **वित्तीय विवरणको यथार्थता**

**वार्षिक खरिद योजना/गुरुयोजना :** सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक रु.१० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने नियम ८ ले वार्षिक रु.१० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने व्यवस्था छ । यस पालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रु १६१६५०४७७.११ पूँजीगत खर्च/खरिद निर्माण कार्य गरेको छ। तर पालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम वार्षिक खरिद योजना र गुरुयोजना नबनाई खरिद कार्य गरेको देखियो। अतः पालिकाले उक्त नियमावली बमोजिम खरिद योजना/ गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ।

९ **फरक हिसाब**

- यस पालिकाले सुत्रबाट तयार गरेको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं. २७०) ले सबै कारोबार नसमेटेको कारण लेखापरीक्षणका क्रममा पालिकाबाट भएका सबै कारोबार समेटिने गरी एकीकृत आर्थिक विवरण तयार गर्न लगाइएकोमा उक्त दुई विवरणमा देहाय अनुसार गत वर्षको जिम्मेवारी रु ६९११७० यस वर्षको प्राप्ति रु १९६५२५७८४ यस वर्षको भुक्तानी रु १९८३१२२१४ बैङ्क मौज्दात रु २०५६९ फरक परेको छ। सुत्रमा पालिकाको सम्पूर्ण आर्थिक कारोबारहरु समाविष्ट गरी म.ले.प.फा.नं.२७० ले पालिकाको समष्टिगत आर्थिक कारोबारको यथार्थ अवस्था चित्रण गर्ने व्यवस्था गर्नुपर्दछ।

१० **घटी जिम्मेवारी सारेको**

- पालिकाले आफ्नो कारोवारको गत जिम्मेवारी भिडान हुने गरी सारेको हुनु पर्दछ। गत वर्षको म.ले.प. प्रतिवेदन एकिकृत आय -व्यय विवरणमा मौज्दात रु ६०१११९८८.४८ रहेकोमा यस बर्षको एकिकृत आय व्यय विवरणमा रु ५७६८४५९३ जिम्मेवारी सारेको देखिएकोले रु २४२६५९५.४८ घटी जिम्मेवारी सारेको देखिएको छ। जिम्मेवारी घटी सार्नुको कारण स्पष्ट पार्नु पर्दछ।

११ **स्थानिय संचितकोष दाखिला नगरेको**

- पालिकाले आर्थिक वर्षको अन्तमा बांकी खाताहरुमा रहेको रकम स्थानिय संचित कोष खातामा ट्रान्सफर गरी शुन्य मौज्दात देखाउनु पर्नेमा देहायका बैंक खाताहरुमा रकम मौज्दात देखिएकोले नियमानुसार संचित कोष दाखिला गर्नुपर्ने देखिन्छ।

| क्र.सं. | खाताको नाम | श्रेस्ता अनुसार बाँकी | बैंक स्टेटमेण्ट अनुसार बाँकी | फरक रकम |
|---|---|---|---|---|
| १ | स्थानीय तह सञ्चित कोष खाता | १७०९९३३.६९ | १७०९९३३.६९ | ० |
| २ | विविध खर्च खाता | ८६३४१४.४५ | ८६३४१४.४५ | ० |
| ४ | ग१२.२ चालु खर्च खाता विजोर वर्ष | २४०९५१७.०९ | २४०९५१७.०९ | ० |
| ५ | ग२.४ पुँजीगत खर्च खाता विजोर वर्ष | २३८४९४४.६९ | २३८४९४४.६९ | ० |
| ६ | ग२.७ प्रकोप व्यवस्थापन | १७८८८९.०५ | १७८८८९.०५ | ० |
| ७ | स्थानीय धरौटी खाता | १८९४१६२७ | १८९४१६२७ | ० |
|  | **जम्मा** | **२६४८८३२६.६६** | **२६४८८३२६.६६** | **०** |

१२ **अबकाश कोषको व्यवस्था-**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ९१ मा स्थानीय तहका कर्मचारीहरुले निजको सेवा शर्त बमोजिम अवकास हुंदा प्राप्त गर्ने योगदानमा आधारित उपदान वा निबृतिभरण औषधी उपचार लगायतका सेवा सुविधा उपलब्ध गराउनका लागि एक अवकाश कोष स्थापना गर्नुपर्ने व्यवस्था गरेकोमा पालिकाले यस्तो कोषको व्यवस्था गरेको देखिएन। कोषको स्थापना गरी भविष्यमा आर्थिक भार कम गर्न ऐनको पालना गर्नुपर्ने देखिन्छ।

१३ **आन्तरिक लेखापरीक्षण** -

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७७(२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिताको आधारमा प्रत्येक त्रैमासिक समाप्त भएको एक महिनाभित्र आन्तरिक लेखापरीक्षण गराउनुपर्ने उल्लेख छ। यस पालिकाले यस वर्षको आन्तरिक लेखापरीक्षक र आन्तरिक लेखापरीक्षण शाखा नभएको भनि आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराइ प्रतिवेदन प्राप्त गरेको छैन। यसबाट आन्तरिक नियन्त्रण भरपर्दो छ भन्न सकिएन। कानुनमा तोकिए बमोजिम आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराइ प्रतिवेदन प्राप्त गरी आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी भरपर्दो र विश्सनिय बनाउनेतर्फ ध्यान दिनुपर्दछ।

१४ **आन्तरिक नियन्त्रण प्रणाली**

- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ बमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्ने व्यवस्था छ। पालिकाले त्यस्तो प्रणाली तयार गरी लागू गरेको पाइएन। जसले गर्दा पालिकाको आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको र सोमाथि विश्वस्त हुन सक्ने अवस्था छैन। यस सम्बन्धमा देखिएका केही व्यहोराहरु देहाय बमोजिम रहेका छन:

• जिन्सी निरीक्षण प्रतिवेदन अनुसार लिलाम विक्री र मर्मत नभएको,

• गैर सरकारी संस्थाबाट भएको कामको लागत अनुमान स्वीकृत नभएको,

• पालिकाको स्वामित्वमा रहेको जग्गाको जग्गाधनी लालपुर्जालाइ पाम्समा प्रविष्ट नगरेको,

• भ्रमण अभिलेख नराखेको,

• मर्मत अभिलेख र पदाधिकारी इन्धन खपतको अभिलेख नराखेको र

• गैर सरकारी संस्थाको कार्यक्रमको लागत अनुमान स्वीकृत नभएको ।

तसर्थ, आन्तरिक नियन्त्रण प्रणाली तयार गरी पालिकाको कार्य सञ्चालन तथा व्यवस्थापनलाई प्रभावकारी बनाउनुपर्दछ।

१५ **आयको अनुमानः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको ब्यवस्थापन गर्न सक्ने ब्यवस्था छ। पालिकाले पेश गरेको आय/व्यय अनुमान रु ४८३९९६२०७ गरेकोमा

वास्तविक आय रु ६७०९८९३०८ भएको देखाएको छ। आय अनुमानको तुलनामा बास्तविक आय १३८ % बढी देखिएकोले अनुमान यथार्थपरक भएन। २०८०।८१ मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छः

| **केन्द्रिय अनुदानबाट खर्च** | **आन्तरिक आय** | **आन्तरिक आय प्रतिशत** |
|---|---|---|
| ६३६३६३६५३ | ३९३१४६५ | ०.६१ |

उपरोक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा ०.६१ % मात्र रहेको छ। त्यसैले पालिकाको आन्तरिक आय संकलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ।

१६ **।बजेट पेश, पारित र अख्तियारी –**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गतेभित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ। यस पालिकाको उपप्रमुखले मिति २०८०।३।७ मा रु. ४८ करोड ३९ लाख ९६ हजारको बजेट सभा समक्ष पेश गरेकोमा सभाबाट मिति २०८०।३।८ मा पारित भएको छ। यसैगरी स्थानीय तहका प्रमुखले मिति २०८०।३।१३ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिएकोले सभाबाट पारीत गरेको ७ दिनभित्र प्रमुख प्रसाशकिय अधिकृतलाइ अख्तियारी प्रदान गरेको छ।

१७ **तलवी प्रतिवेदन**

निजामती सेवा ऐन, २०४९, स्वास्थ्य ऐन, २०५३ तथा शिक्षा ऐन, २०२८ मा तलवी प्रतिवेदन पारित गराएर मात्र तलब खर्च लेख्नुपर्ने उल्लेख छ। पालिकाले यो वर्ष तलवी प्रतिवेदन पारित नगराई कर्मचारीको पारिश्रमिकमा जम्मा रु.१०९६५४२०२ खर्च लेखेको छ। तलबी प्रतिवेदन पारित नगरी खर्च लेख्दा पाउने भन्दा बढी ग्रेड भुक्तानी हुन सक्ने देखिएकोले तलबी प्रतिवेदन पारित गराएर तलब भत्ता भुक्तानी गर्नुपर्दछ।

१८ **योजना प्राथमिकीकरण**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ । स्थानीय तहले योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकीकरणका आधारहरू गरिवी निवारण, उत्पादनमूलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दिगो र वातावरण संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही अनुसार गणना गरी प्राथमिकता आधारमा योजना छनौट गर्नु पर्ने व्यवस्था छ। तर पालिकाले आर्थिक वर्ष २०८०।८१ मा निम्नानुसार ९ वडाको लागि वडागत २४ र पालिकास्तरका ५ गरी कुल २९ योजनामा वजेट विनियोजन गरेको छः

| क्र. सं. | कार्यक्रमको नाम | योजना सङ्ख्या | रु.२० लाखमाथिका योजना सङ्ख्या | रु.५ लाखदेखि २० लाख सम्मका योजना सङ्ख्या | रु.५ लाखभन्दा कमका योजना सङ्ख्या |
|---|---|---|---|---|---|
| १. | पालिकास्तरीय | ५ | ३ | २ | ० |
| २. | वडास्तरीय | २४ | १ | ८ | १५ |
| | जम्मा | २९ | ४ | १० | १५ |

उपर्युक्त विवरण अनुसार पालिकाले साना र वितरणमुखी योजनाहरु सञ्चालन गरेको देखिन्छ । जसले गर्दा सञ्चालित योजनावाट दीर्घकालिन प्रतिफल प्राप्त नहुनका साथै चालु प्रकृतिका खर्चमा बृद्धि भै लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत प्रश्न उठ्ने गरेको छ । तसर्थ पालिकाले योजना वस्तुनिष्ठ तवरले प्राथिमिकीकरण र छनौट गरी प्रभावकारी कार्यान्वयन गर्नुपर्दछ ।

## १९ दरबन्दी तथा पदपुर्ति

पालिकाको लागि संघीय मामिला तथा सामन्य प्रशासन मन्त्रालयबाट २०७५ सालमा स्वीकृत भएको दरबन्दी संरचना र पालिकाबाट तयार गरिएको संगठन व्यवस्थापन सर्भेक्षण अनुसार विभिन्न पदमा १४९ जनाको दरबन्दी रहेकोमा ७८ पदपूर्ति भएको र ५३ जना रिक्त देखिएकोले देखिएकोले सम्बन्धित निकायबाट पदपूर्ति गर्नुपर्दछ।

## २० अनुदान फिर्ता

- संघीय एवं प्रदेश सरकारको कानून एवं कार्यविधि बमोजिम ती निकायबाट स्थानीय तहमा प्राप्त हुने समानीकरण वाहेकका अनुदान खर्च नभई बाँकी रहेको अवस्थामा सम्बन्धित निकायमा फिर्ता गर्नुपर्ने व्यवस्था रहेको छ। प्राप्त विवरण (सुत्रको अनुसूची १२ र २१) अनुसार २०८१ असार मसान्तमा देहाय बमोजिमको अनुदानको आम्दानी र खर्च भएको देखिन्छ। खर्च नभइ बांकी रकम मिति २०८१ आषाढ मसान्तसम्म फिर्ता गरी कोषबाट निकासा घटाएको छ।

| अनुदान प्रदान गर्ने निकाय | अनुदानको प्रकार | प्राप्त रकम | खर्च रकम | बाँकी रकम |
|---|---|---|---|---|
| **संघीय सरकार** | शसर्त चालु | १५७५३१३०० | १५७५३१३०० | ० |
| | शसर्त पूंजिगत | ३३०२८५८ | ३३०२८५८ | ० |
| | विषेश पूंजिगत | १५१५००२० | १५१५००२० | ० |
| | समपुरक पूंजिगत | १५०००००० | १५०००००० | ० |
| **प्रदेश सरकार** | समपुरक | २०००००० | २०००००० | ० |
| | विषेश पूंजिगत | ३०००००० | ३०००००० | ० |
| | **जम्मा** | **१९५९८४१७७.२५** | **१९५९८४१७७.२५** | ० |

## २१ जिन्सी निरीक्षण

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा सोही नियमावलीको नियम ९४, ९५ र ९६ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने, सोको निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने, प्रतिवेदनमा उल्लेखित सामान मध्ये मर्मत गर्नुपर्ने सामान ३ महिना भित्र र लिलाम गर्नुपर्ने सामान ६ महिना भित्र लिलाम गरी सक्नु पर्ने व्यवस्था छ । पालिकाले यस वर्ष जिन्सी निरीक्षण गराई प्रतिवेदन तयार गरेको छैन । नियमावलीको व्यवस्था अनुसार जिन्सी निरीक्षण प्रतिवेदनमा मर्मत सम्भार, लिलामी गर्नुपर्ने विवरण उल्लेख गरेको देखिएन । तोकिएको अनुसार उल्लेख गरी मालसमानको नियमानुसार मर्मत लिलाम विक्री लगायतका कार्य गरी जिन्सी व्यवस्थापन गर्नुपर्दछ ।

## २२ करार कर्मचारी व्यवस्था

- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३(८) मा नगर प्रहरी, सवारी चालक, सयस, बगैंचे, प्लम्बर लगायतका पद तथा सेवामा बाहेक करारमा नियुक्त गर्न पाइने व्यवस्था छैन। पालिकाले उल्लिखित पदहरु सहित ४० जना कर्मचारी करारमा नियुक्त गरी तलव भत्ता रु २९७४२९७७/- भुक्तानी गरेको पाइयो। ऐनको व्यवस्था विपरीत कर्मचारी नियुक्त गरी भुक्तानी गर्ने कार्य नियमसम्मत देखिएन।

## २३ न्यायीक समितिः

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर

लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गत बर्ष फछर्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाँकी ३ र यो बर्ष थप भएको २३ समेत गरी कुल २६ विवाद दर्ता भएकोमा २० वटा फछर्यौट भई ६ वटा मुद्दा फरफारक गर्न बांकी देखिन्छ ।

२४ **फर्छ्यौट हुन बांकी पेश्की**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५२ मा पेश्की रकमको विवरण तयार गरी म्याद नाघेको र म्याद ननाघेको छुट्टाछुट्टै अभिलेख राखी एकीकृत लगत तयार गर्नु पर्ने व्यवस्था छ। पालिकाले यस वर्ष विभिन्न कार्यक्रममा देहायका निकाय व्यक्ति तथा संस्थालाई रु.२७००००/- पेश्की दिएको छ। पेश्कीको आर्थिक वर्षको अन्तसम्म फर्स्यौट गर्नुपर्नेमा नगरेकोले म्याद नाघेको देखिएकोले फर्स्यौट हुनुपर्ने रु.

| **पेश्की लिएको मिति** | **पेश्कीको विवरण** | **पेश्की लिने व्याक्ति, फर्म वा कंम्पनी** | **फछ्यौटको अन्तिम म्याद** | **म्याद नाघेको रकम** |
|---|---|---|---|---|
| २०८०।११।१३ | शैक्षिक अनुदान | मा.वि.इशनाथ ५ लक्ष्मीनिया, जटहरा | ०८१ आषाढ | १५०००० |
| | | संस्थागत जम्मा | ०८१ आषाढ | १५०००० |
| २०८०।०९।१७ | मसलन्द | निम्मी कुमारी गुप्ता | ०८१ आषाढ | २००००.०० |
| २०८०।१०।११ | शैक्षिक अनुदान | दिनकर महतो | ०८१ आषाढ | १०००००.०० |
| | | जम्मा | | १२०००० |
| | | कूल जम्मा | | २७०००० |

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-७** को निर्णयले रू **१५०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-७** को निर्णयले रू **१५०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-७** को निर्णयले रू **२००,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-७** को निर्णयले रू **५०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-७** को निर्णयले रू **१००,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| पेश्की | २,७०,००० |

२५ **खर्च बिश्लेषण**

पालिकाले यसवर्ष कुल आन्तिरक आयबाट रु ४४३७१४९२ राजस्व बाँडफाँड र अनुदानबाट रु ५९८८७७५५६ समेत रु ६४३२४९०४८ आम्दानी भएकोमा चालुतर्फ रु २८५३९६६३६, पूँजिगततर्फ रु १६१६५०४७१ र वित्तीय ब्यबस्थातर्फ रु १९७४५३८७५ समेत रु ६४४५००९८२ खर्च भएको छ। खर्च मध्ये आन्तरिक आयको हिस्सा ०.६८ प्रतिशत रहेको छ। यसवर्ष पदाधिकारी सुबिधामा रु ९४६५००० खर्च भएको छ। जुन आन्तरिक आयको २.१२ प्रतिशत रहेको छ। पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ४७ प्रतिशत चालु र २७ प्रतिशतमात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ । यसबाट पालिकाले विकास निर्माण कार्यक्रम सञ्चालनमा न्युन खर्च गरी प्रशासनिक कार्यमा बढी खर्च गरेको देखिन्छ। प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिक रुपमा विकास निर्माणमा परिचालन गरिनुपर्दछ।

२६ **क्षेत्रगत बजेट र खर्चको स्थिति**

स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ। यस पालिकाको २०८०।८१ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहाय अनुसार रहेको देखिन्छः

| क्र.सं. | क्षेत्र | बजेट | खर्च | खर्च प्रतिशत |
|---|---|---|---|---|
| १ | आर्थिक विकास | २५०३८००३ | २४२२९७५६ | ९६ |
| २ | पूर्वाधार विकास | १२०५२०१२३ | ११०१५४४४१ | ९१ |
| ३ | सामाजिक विकास | १७४६२०१२६ | १५७१३४५७९ | ८९ |
| ४ | संस्थागत विकास, सेवा प्रवाह र सुशासन | २२५०००० | १९३३७५० | ८५ |
| ५ | अन्य कार्यालय सञ्चालन तथा प्रशासनिक | १७८६७५९५४ | १५२७३६२४१ | ८५ |
| **जम्मा** | | **५०११०४२०७** | **४४६१८८७६८** | ८९ |

उपर्युक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेटमध्ये अन्य कार्यालय सञ्चालन तथा प्रशासनिक सबैभन्दा बढी ३५ प्रतिशत र आर्थिक विकास मा सबैभन्दा घटीमा ५ प्रतिशत रहेको छ।

२७ **विविध खर्चः –**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ। तर पालिकाले यस वर्ष विविध खर्चमा रु २८३६४३१८ खर्च गरेको देखिएकोले यस्तो खर्च औचित्यको आधार र आन्तरिक स्रोतको आधारमा खर्च गर्नु पर्दछ।

२८ **बितरण मुखि तथा अनुउत्पादक खर्च**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले सस्था समुह पर्व जात्रा संस्कृती आर्थिक सहायता दिने कानूनी व्यवस्था गरेको देखिदैन। सोही ऐनको दफा ७३ मा बजेट तथा कार्यक्रम तयार गर्दा मितव्ययी तथा औचित्य समेत विचार गरी अधिकतम प्रतिफल दिने कार्यक्रम तयार गरी खर्च गर्नुपर्ने व्यवस्था गरेको छ। पालिकाले सोको विपरीत हुने गरी देहाय अनुसार अनुपादक वितरणमखी कार्यक्रम तयार गरी रु ३७७१०९० खर्च गरेको देखिएकोले त्यस्तो खर्चलाइ मितव्ययी र औचित्यपूर्ण भएको देखिंदैन।

| भौ.नं. र मिति | विवरण | भुक्तानी रकम |
|---|---|---|
| २२५।०८१।३।१० | केसरी एण्ड प्राली गौरको विल नं. २५ ।०८०।२।३० बाट खरीद महिला सुरुवाल सुट २००० थान दर ८७७ मू.अ.कर सहितको मुल्य रु १९८२०२० | १९८२०२० |
| २२७।०८१।३।१० | ओम साइ एण्ड अडर सप्लायर्स गौरबाट खरीद थान १२५३ सुति साडी दर ७९० मू.अ.कर समेतको मुल्य ९८९०७० | ९८९०७० |
| २५७।०८१।३।१९ | सरस्वति पूजा खर्च भुक्तानी | ३००००० |
| २६९।०८१।३।२१ | होली मिलन समारोह खर्च | ५००००० |
| | **जम्मा** | **३७७१०९०** |

२९ **बिज्ञापन बोर्डमा रकम नपठाएको**

( ✂ ..... कार्यालयले बेरुजु फस्र्याैट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-७** को निर्णयले रू **२,७००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-७** को निर्णयले रू **३,२४०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-७** को निर्णयले रू **४,५५१** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-७** को निर्णयले रू **३,८५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-७** को निर्णयले रू **१,९१२** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-७** को निर्णयले रू **८,०५५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-७** को निर्णयले रू **८,०५५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| असुल गर्नुपर्ने | ० |
|---|---|

३० **नन् फाईलर**

मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १८ मा भुक्तानीमा प्राप्त मूल्य अभिवृद्धि करको विवरण भुक्तानी पाएको अर्को महिनाको २५ गतेभित्र सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा कर विवरण सहित दाखिला गर्नुपर्ने व्यवस्था छ । तर पालिकाबाट देहायका फर्मलाई मू.अ.कर रु ३१५९८६ भुक्तानी दिएकोमा लेखापरीक्षण अवधिसम्म पनि ति फर्महरु कर विवरण नबुझाई नन्फाइलर रहेको पाइयो। यसरी उक्त कारोवार रकमको कर समायोजनको प्रमाणपत्र पेश हुनुपर्ने देखिन्छ।

| भौ.नं.र मिति | आपूर्तकको नाम | पान नं. | विल रकम | मू.अ.कर रु. | नन्फाइलर |
|---|---|---|---|---|---|
| २६।०८०।७।२१ | पि के टेडर्स एण्ड सप्लायर्स वीरगज ३१२ | ६१४१०४९९२ | ३८०७० | ४९४९ | ०८० मार्ग |
| २६।०८०।७।२१ | पि के टेडर्स एण्ड सप्लायर्स वीरगज ३१३ | ६१४१०४९९२ | ५१४०० | ६६८२ | ०८० मार्ग |
| २६।०८०।७।२१ | पि के टेडर्स एण्ड सप्लायर्स वीरगज ३१४ | ६१४१०४९९२ | ३४७०० | ४५११ | ०८० मार्ग |
| २६।०८०।७।२१ | पि के टेडर्स एण्ड सप्लायर्स वीरगज ३१६ | ६१४१०४९९२ | २४९२० | ३२३९ | ०८० मार्ग |
| २६।०८०।७।२१ | पि के टेडर्स एण्ड सप्लायर्स वीरगज ३१७ | ६१४१०४९९२ | १९५२५० | २५३८२ | ०८० मार्ग |
| ११५।०८०।११।१८ | गणपति अफसेट प्रेस गौर | ६०८९२६५११ | ८७३८२७ | ११३५९७ | ०८० चैत्र |
| ६०।०८०।९।२६ | जयराम मिडिया प्राली गौर विल नं. ५८ र ६५ | ६०६८३०२१८ | ३१९५०० | ४१५३५ | ०८० चैत्र |
| २३६।०८१।३।१३ | शारधा ट्रेडिङ्ग कन्सन गौर | ६१३७६१३३० | ६१०००० | ७९३०० | ०८० माघ |
| २७४।०८१।३।२२ | साइमन रेष्टुरेन्ट एण्ड वार गौर विल नं. २९६।०८१।३।२० | ६०२५८८०६५ | २८३००० | ३६७९० | ०८० असोज |
| | **जम्मा** | | २४३०६६७ | ३१५९८६ | |

३१ (६-२०८०-६-२५):

**ल्याब टेष्टको बील पेश नभएको**: आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ (१०) बमोजिम खर्च लेखिएका रकमको बिल भर्पाई दुरुस्त गरी श्रेस्ता साथ संलग्न गरी राख्नुपर्ने व्यवस्था छ। पालिकाले देहाय बमोजिमका कार्यको ल्याब

टेष्ट गरेको भ्याट सहित भुक्तानी भएको रु.११३०० देखिएकोमा उक्त कार्यको भ्याट सहितको बिल पेश नभएको असूल गर्नुपर्ने देखिएको रु.

| निर्माण व्यवसायी | भुक्तानी रु. | ल्याब टेष्टको रकम रु | रकम रु. (भ्याट सहित) | कैफियत |
|---|---|---|---|---|
| सनलाइट निर्माण सेवा | ९३२७४५ | १०००० | ११३०० | |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ११,३०० |

३२ **बढी भुक्तानीः** शसर्त पूँजीगत, भौ.नं. १४।०८०।१२।१६, २०।०८१।२।७ र ३६।०८१।३।२१, पालिकाले जोकहा मदर्सा स्कूल भवन निर्माण वडा नं. ६ को लागि द्धारिकाधाम कन्स्ट्रक्सन सप्लायर्स एण्ड कन्सल्टेन्सी प्रा.लि.लाई नापी किताब एवं कार्य सम्पन्न प्रतिवेदन अनुसाररु.४३०१४५२ भुक्तानी दिनुपर्नेमा रु.४३१२५७१ भुक्तानी दिएकोले बढी भुक्तानी भएको रु.१११९९ सम्बन्धित निर्माण व्यवसायीबाट असूल गरी संघीय सञ्चित कोषमा दाखिला गर्नुपर्ने देखिएको रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ११,११९ |

३३ **प्रमाण पेश नभएकोः** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ (१०) अनुसार स्वीकृत कार्यक्रम अनुसारको रकम खर्च गर्नुपूर्व खर्चको अख्तियारी दिनेले खर्चको यथेष्ट प्रमाणका आधारमा मात्र खर्चको स्वीकृती दिनुपर्ने व्यवस्था छ । पालिकाले निम्नानुसारको भुक्तानी कैफियतमा उल्लिखित प्रमाण कागजात बेगर भुक्तानी दिएको पाइयो । अतः बजेट खर्च रु.४२२३९०८ को यथेष्ट प्रमाणका आधारमा भुक्तानी दिनु पर्दछ ।

| भौ.नं.र मिति | कार्यको विवरण | जम्मा भुक्तानी रु. | कैफियत |
|---|---|---|---|
| नगरपालिका पूँजीगत | | | |
| ६९।०८०।१२।२८ | नगर भरी विद्युत पोलमा स्ट्रीट लाइट तथा पोलबत्ती जडान (रिभ्युवल इनर्जी प्रमोशन कम्पनी) | ९९४११७ | प्राविधिक चेकजाँच प्रतिवेदन पेश भएको पाइएन । |
| ८२।०८१।२।१६ | सि.सि.टि.भि.खरिद तथा जडान कार्य (मयंक ट्रेडर्स) | ४७३८६८ | प्राविधिक चेकजाँच प्रतिवेदन पेश भएको पाइएन । |
| ११३।०८१।३।१८ | सबै वडामा फ्लड ल्याम्प जडान कार्य (प्रेस्था ट्रेडर्स एण्ड सप्लायर्स) | १९६९२१७ | प्राविधिक चेकजाँच प्रतिवेदन पेश भएको पाइएन । |
| शसर्त पूँजीगत | | | |
| ३२।०८१।३।१६ | सोलार बत्ती सिस्टम (च्वाइस इन्फ्राटेक बिल्डर्स प्रा.लि.) | ७८६७०६ | प्राविधिक चेकजाँच प्रतिवेदन पेश भएको पाइएन । |
| **जम्मा** | | **४२२३९०८** | |

३४ **धरौटी कट्टि नभएकोः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ बमोजिम निर्माण व्यवसायीको रिटेन्सन मनि बापत बिलबाट ५ प्रतिशतको दरले धरौटी रकम कट्टि गरी भुक्तानी गर्नुपर्ने व्यवस्था छ । पालिकाले देहाय अनुसार भुक्तानी गर्दा ५ प्रतिशतको दरले धरौटी रकम भुक्तानीमा कट्टि नभएको रु.१०८२३० कट्टि गरी सो को प्रमाण पेश गर्नुपर्ने देखिएको रु.

| भौ.नं. र मिति | विवरण | धरौटी रु. | कैफियत |
|---|---|---|---|
| नगरपालिका पूँजीगत | | | |
| ७६।०८१।२।७ | पिपरा टोलदेखि पूर्व भकुवा नदीमा पुल निर्माण | २९४७२ | आर्यन कन्स्ट्रक्सन |
| शसर्त पूँजीगत | | | |
| ३८।०८१।३।२१ | जनता मा.वि. औरैया भवन निर्माण ३ | ३५९९२ | आमोद कन्स्ट्रक्सन |
| पर्यटन पूर्वाधार विकास आयोजना | | | |
| १।०८१।२।१६ | धर्मशाला निर्माण | ४२७६६ | सिनर्जी राज देवी भक्त जे.भी. |
| **जम्मा** | | **१०८२३०** | |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,०८,२३० |

३५ **अधुरा ठेक्काः** ठेक्का अवधिभित्र ठेक्काको कार्य सम्पन्न गर्नुपर्नेमा पटक पटक म्याद थप गर्दा पनि देहाय अनुसारका ठेक्काको कार्य सम्पन्न नगरी अधुरो रहेको देखिन्छ। निर्माण व्यवसायीहरुले कार्य तालिका र सम्झौता अनुसार काम नगर्ने वा बीचमा कार्य छाडने गरेको कारण ठेक्काहरु अधुरा भएका छन । सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५९ र ६३ तथासार्वजिनक खरिद नियमावली २०६४ को नियम १२० (११) र १२८ अनुसार ती ठेक्काहरुको पेश्की जमानी प्राप्ती गर्ने, ठेक्का अंकको बढीमा १० प्रतिशत सम्म पूर्व निर्धारित क्षतिपूर्ति लगाउने, ठेक्का तोडने, कार्य सम्पादन जमानी प्राप्ती गर्ने, कालो सूचीमा राख्ने र काम पूरा गर्न नपुग रकम भराउने व्यवस्था छ । सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५६ अनुसार खरिद सम्झौताको आधारमा म्याद थप गर्नु पर्नेमा त्यस विपरीत पटक पटक खरिद नियमावली संसोधन गरी पटक पटक म्याद थप गरेको र यस योजना/कार्यालयले खरिद सम्झौताका ती व्यवस्थाहरुको कार्यान्वियन नगरेको कारण काम अधुरा रहने ठेक्काहरुको संख्या र समायावधि बढदै गएको देखिन्छ । यस्ता कार्यको प्रभावकारिता अभिवृद्धि गरी प्रगतितर्फ पालिकाले ध्यान दिनु पर्दछ ।

| क्र.स. | विवरण | ठेकेदारको नाम | सम्झौता रकम (भ्याट सहित) | खर्च रकमरु. | वितीय प्रगति % | भौतिक प्रगति % | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | धर्मशाला निर्माण | सिनर्जी राज देवी भक्त जे.भी. | ३३६०४९१२ | १६२५७१७५ | ४८ | ७० | बजेट अभाव |

३६ **नन्फाइलर**–मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १८ मा भुक्तानीमा प्राप्त मूल्य अभिवृद्धि करको विवरण भुक्तानी पाएको अर्को महिनाको २५ गतेभित्र सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा कर विवरण सहित दाखिला गर्नुपर्ने व्यवस्था छ । तर पालिकाबाट देहायका फर्मलाई मू.अ.कर रु.३८२८०२८ भुक्तानी दिएकोमा लेखापरीक्षण अवधिसम्म पनि ती फर्महरु कर विवरण नबुझाई नन्फाइलर रहेको पाइयो । तसर्थ, कर समायोजनको प्रमाणपत्र पेश हुनु पर्दछ ।

| भौ.नं. र मिति | आपूर्तकको नाम | प्यान नम्वर | भुक्तानी रु. | मू.अ.कर रु. | नन्फाइलर | बीजक नं. |
|---|---|---|---|---|---|---|
| नगरपालिका पूँजीगत | | | | | | |
| ३।०८०।६।२५ | आर्यन कन्स्ट्रक्सन | ६०८८७६३६२ | १५९२१८२ | ४४५५२७ | २०८०।T।१ | ०२ |
| ४।०८०।६।२५ | अन्सारी कन्स्ट्रक्सन | ६०८८७६६१६ | ५४३०५८० | ४३७३३० | २०८०।T।१ | ०७ |
| ५।०८०।६।२५ | आर्यन कन्स्ट्रक्सन | ६०८८७६३६२ | ५६९४८५३ | ४५८६१२ | २०८०।T।१ | ०९ |
| १२।०८०।६।२९ | पावर इन्जिनियरिङ्ग ट्रेड सेन्टर | ६००८९२५२६ | ९९९००० | ८०४५० | २०८१।M।२ | ०२ |
| २२।०८०।७।१७ | अन्सारी कन्स्ट्रक्सन | ६०८८७६६१६ | ३२९१९३४ | २६५१०३ | २०८०।T।१ | ०२ |
| २३।०८०।७।१७ | अन्सारी कन्स्ट्रक्सन | ६०८८७६६१६ | ५३०८०५६ | ४२७४६३ | २०८०।T।१ | ०३ |
| ५५।०८०।११।१८ | राधाकृष्ण ट्रेडर्स एण्ड सप्लायर्स | ६१४५०५१७७ | १३६६१७० | ११००१९ | २०८०।M।१० | ८० |
| ६२।०८०।१२।११ | आर्यन कन्स्ट्रक्सन | ६०८८७६३६२ | ३८६४८५२ | ३११२४० | २०८०।T।१ | ०२ |
| ७६।०८१।२।७ | आर्यन कन्स्ट्रक्सन | ६०८८७६३६२ | १९६१७१७ | २७२२७६ | २०८०।T।१ | ०३ |
| १२२।०८१।३।२१ | अन्सारी कन्स्ट्रक्सन | ६०८८७६६१६ | २८९१२५३ | २३१५३१ | २०८०।T।१ | ०२ |
| १२३।०८१।३।२१ | आशिर्वाद निर्माण सेवा | ६१८०६९२०६ | ५२७१५१३ | ४२४५२० | २०८०।T।२ | ०२ |
| १३१।०८१।३।२२ | आर्यन कन्स्ट्रक्सन | ६०८८७६३६२ | १२५१४०९ | १००६८६ | २०८०।T।१ | ०६ |
| १४३।०८१।३।२४ | अन्सारी कन्स्ट्रक्सन | ६०८८७६६१६ | १५२२१५० | १२१२७५ | २०८०।T।१ | ०५ |
| शसर्त पूँजीगत | | | | | | |
| ३९।०८१।३।२१ | आर्यन कन्स्ट्रक्सन | ६०८८७६३६२ | १७६३२५९ | १४१९९६ | २०८०।T।१ | ०८ |
| **जम्मा** | | | | **३८२८०२८** | | |

३७ **कार्य सम्पादन जमानतः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११० (४) मा कार्य सम्पादन जमानतको म्याद मर्मत सम्भार अवधि भन्दा १ महिना बढि अवधि हुनु पर्ने व्यवस्था छ । कार्यालयले देहाय बमोजिमको निर्माण कार्य गर्न निर्माण व्यवसायीसँग सम्झौता गर्दा मर्मत सम्भार अवधि ३६५ दिन हुने भनि उल्लेख गरेकोमा पेश गरेको कार्य सम्पादन जमानतको अवधि नियमावलीले तोकेको भन्दा कम अविधिको भएकोले नियमावलीमा भएको व्यवस्था बमोजिम मर्मत सम्भार अवधि भन्दा १ महिना बढि अवधि भएको रु.१०१५०८०१ को कार्य सम्पादन जमानत पेश गर्नु पर्दछ ।

| ठे.नं. | योजनाको नाम | फर्म | कार्य सम्पादन जमानतको विवरण | अवधि भएको | हुनुपर्ने अवधि | रकम रु. |
|---|---|---|---|---|---|---|
| नगरपालिका पूँजीगत | | | | | | |
| ०८। ०८०। ८१ | पिपरा टोलदेखि पूर्व भकुवा नदीमा पुल निर्माण | आर्यन कन्स्ट्रक्सन | १ महिना ७ दिनको घटि कार्य सम्पादन जमानतको म्याद | २०८२। ३।१८ | २०८२। ४।२५ | २६५९२५ |
| ०१। ०८०। ८१ | आर.सि.सि. रोड ढलान | सूर्या कन्स्ट्रक्सन | ३ महिना १४ दिनको घटि कार्य सम्पादन जमानतको म्याद | २०८१। ११।२१ | २०८२। ३।५ | ३२१६८०५ |
| ०६। ०८०। ८१ | न.पा. प्रथम तल्ला अधुरो कार्यहरु | आर्यन कन्स्ट्रक्सन | २ महिना १५ दिनको घटि कार्य सम्पादन जमानतको म्याद | २०८१। ११।२० | २०८२। २।५ | २२३४५० |
| शसर्त पूँजीगत | | | | | | |
| ०२। ०८०। ८१ | वडा नं. १ र ७ मा विद्यालय भवन निर्माण | द्वारिकाधाम कन्स्ट्रक्सन सप्लायर्स एण्ड कन्सल्टेन्सी प्रा.लि. | ४ महिना १ दिनको घटि कार्य सम्पादन जमानतको म्याद | २०८१। ११।१४ | २०८२। ३।१५ | ७४६२६८ |
| ०५। ०८०। ८१ | वडा नं. १ र ७ मा विद्यालय भवन निर्माण | आमोद कन्स्ट्रक्सन | २ महिना ९ दिनको घटि कार्य सम्पादन जमानतको म्याद | २०८२। १।६ | २०८२। ३।१५ | ७५०७०३ |
| ०३। ०८०। ८१ | जोकाहा मदर्सा स्कूल भवन निर्माण ६ | द्वारिकाधाम कन्स्ट्रक्सन सप्लायर्स एण्ड कन्सल्टेन्सी प्रा.लि. | ४ महिना १ दिनको घटि कार्य सम्पादन जमानतको म्याद | २०८१। ११।१४ | २०८२। ३।१५ | १३७७६५० |
| पर्यटन पूर्वाधार विकास आयोजना | | | | | | |
| ०१। ०७७। ७८ | धर्मशाला निर्माण | सिनर्जी राजदेवी भक्त जे.भी. | १० महिना २३ दिनको घटि कार्य सम्पादन जमानतको म्याद | २०८२। ६।६ | २०८३। ४।२९ | ३५७०००० |
| **जम्मा** | | | | | | **१०१५०८०१** |

३८ **उपभोक्ता समितिवाट भएका कार्यः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा उपभोक्ता समिति मार्फत् कार्य गराउन सक्ने व्यवस्था छ। स्वीकृत वार्षिक कार्यालयगत योजना वमोजिम २५ प्रतिशत भुक्तानी रकम समेटी नमूना छनौट गरी लेखापरीक्षण गरिएका व्यहोरा प्रतिवेदनमा समावेश गरिएको छ। स्थानीय सरकार संचालन ऐन, २०७४ ले निर्दिष्ट गरेको स्थानीय तहको अधिकार क्षेत्रभित्रको विकास निर्माण कार्य गर्नका पालिकाले उपभोक्ता समिति गठन परिचालन तथा व्यवस्थापन सम्बन्धमा देखिएका व्यहोरा निम्न छनः-

क) कार्यालयले योजना सञ्चालन एवं कार्यान्वयनमा संलग्न उपभोक्ता समितिको अभिलेख राखेको पाइएन,

ख) हेभि मेशिनरी साधनको प्रयोग हुने कार्य उपभोक्ता समिति मार्फत् नगराउनु पर्नेमा सो समेत उपभोक्ता समित मार्फत् गराएको छ,

ग) योजना कार्यान्वयनको लागि उपभोक्ता समिति र कार्यालयबीच अनुसूची २ बमोजिमको ढाँचामा सम्झौता गरेपनि ढाँचा अनुसारको सम्पूर्ण विवरण उल्लेख नगरी आंशिक र अपूर्ण विवरण भरी सम्झौता गरेको पाइयो,

घ) कुनैपनि उपभोक्ता समितिसँग आयोजना कार्यान्वयनको लागि कार्यतालिका लिएको देखिएन,

ङ) उपभोक्ता समितिको गठन, परिचालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७५ को बुँदा नं. ९ अनुसार कार्यालयले आयोजना कार्य सम्पन्न अगावै उपभोक्ता समितिका पदाधिकारीहरूलाई विभिन्न तोकिएका विषयमा अभिमुखीकरण गर्नुपर्नेमा सो समेत गरेको पाइएन,

च) कार्यालयले उपभोक्ता समितिलाई किस्तागत रुपमा भुक्तानी गरेको छैन। सार्वजनिक परीक्षण भनी अनुसूची ३ बमोजिमको ढाँचामा गरेको पाइएन। उपभोक्ता समितिले अनुसूची ४ बमोजिमको ढाँचामा सार्वजनिक गर्नुपर्ने ब्यबस्था रहे तापनि वास्तविक रुपमा सार्वजनिक भएको छ भन्ने आधार देखिएन। अनुगमन समितिवाट अनुगमन गरेकोमा अनुगमनबाट देखिएको व्यहोरा प्रतिवेदनमा उल्लेख गरेको देखिएन,

छ) उपभोक्ता समितिबाट सम्झौता बमोजिम समय, लागत र गुणस्तरमा कार्य सम्पन्न हुन नसकेमा त्यस्ता उपभोक्ता समितिको लगत राखी अन्य उपभोक्ता समिति मार्फत् निर्माण गर्ने कार्य भएको छैन,

ज) उपभोक्ता समितिले आयोजनाको स्वामित्व लिई मर्मत संभार गरेको देखिएन,

झ) उपभोक्ता समितिमा रहेको पदाधिकारी एकाघरका भए नभएको सम्बन्धमा एकिन गर्न कार्यालयले तीन पुस्ते खुलाई विवरण अध्यावधिक गर्नु पर्नेमा गरेको छैन। जसले गर्दा एकाघरका व्यक्ति उपभोक्ता समितिमा भए नभएको एकिन हुन सकेन,

ञ) उपभोक्ता समिति गठन गर्दा सम्वन्धित उपभोक्ता समितिका पदाधिकारी स्थानीय वासिन्दा रहेको परिचय खुल्ने प्रमाण संलग्न नभएकोले सम्बन्धित सेवा स्थानीय बासिन्दा र त्यस्तो सेवा उपभोग गर्ने समुदाय मात्र रहेको उपभोक्ता समिति वा लाभग्राही समुदायबाट गराएको भनी एकिन गर्न सक्ने आधार भएन,

ट) केही उपभोक्ता समितिवाट कार्य गराउदा कार्यालयले आवश्यक कुराहरु खुलाई सार्वजनिक सूचना प्रकाशन गरी प्रस्ताव माग गरेको वा उपभोक्ता समिति वा लाभग्राही समुदाय आफैंले निवेदन दिएको प्रमाण संलग्न देखिंदैन। सार्वजनिक सूचना प्रकाशन भएकोमा समेत काम वा सेवाको प्रकृति, परिमाण, लाग्ने रकम, उपभोक्ता समिति वा लाभग्राही समुदायले व्यर्होने वा व्यहोर्नु पर्ने रकम लगायतको विवरण खुलाएको देखिएन। यस्ता सूचना वा निवेदकको अलग्गै अभिलेख राखेको पाइएन,

ठ) उपभोक्ता समिति/लाभग्राही समुदाय प्रचलित कानून बमोजिम दर्ता भएको प्रमाण पेश हुन सकेन। दर्ता वेगरका उपभोक्ता समितिवाट कार्य गराउने परीपाटीमा नियन्त्रण गर्नुपर्दछ,

ड) कार्यालयले पेश गरेको लागत अनुमान एवं प्राविधिक मूल्याङ्कनमा कहिकतै मिति उल्लेख नभएकाले लागत अनुमान स्वीकृति र समयमै कार्य भए नभएको सम्वन्धमा एकिन हुने आधार रहेन,

ढ) अधिकांश प्राविधिक मूल्याङ्कन गर्दा नापी, ठेक्का, विल र कार्य सम्पन्नमा मिति र नापी किताव नम्वर उल्लेख नभएकोले समयमा कार्य सम्पन्न भएको एकिन गर्न नसकिने हुँदा नापी र कार्य सम्पन्नमा मिति स्पष्ट उल्लेख गर्ने र नापी कितावको नम्वर उल्लेख गरी अलग्गै अभिलेख राख्नु पर्दछ।

३९ **उपभोक्ता समितिले बीमा नगरेकोः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को उप नियम ३ (क) मा उपभोक्ता समिति वा लाभग्राही समुदायलाई रु.२० लाख वा सो भन्दा माथिको लागत अनुमान भएको वा कार्य गराउँदा अनिवार्य रुपमा बीमा गर्नुपर्ने व्यवस्था गरेको छ । पालिकाले निम्न बमोजिमको कार्य उपभोक्ता समितिबाट गरेपनि बीमा गरेको पाइएन । अतः पालिकाले नियमावलीमा भएको व्यवस्थालाई पालना गराउनु पर्दछ ।

| क्र.सं. | उपभोक्ता समितिको नाम | लागत अनुमान रु. | भुक्तानी रु. | कैफियत |
|---|---|---|---|---|
| 1. | आश्रय स्थल भवनको अधुरो निर्माण कार्य | ३२३२७२८ | १३१५०३७ | |
| 2. | राजकुमारको घरदेखि छठघाटसम्म सडक मर्मत तथा ढलान ३ | २०४७७८६ | १४२२९६६ | |
| 3. | ईशनाथ नगरपालिका भरी ह्याण्ड पाइप जडान उ.स. | ५९३११७३ | २०९३६७० | |
| 4. | शेख जुमनको घरदेखि पैनीसम्म पाइप नाला निर्माण उ.स. | २६९३५२० | १७१९४६९ | |

४० **उपभोक्ता समिति दर्ता** — सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा उपभोक्ता समितिबाट कार्य गराउने व्यवस्था छ । पालिकाले यो बर्ष विभिन्न उपभोक्ता समितिसँग सम्झौता गरी कार्य गराई भुक्तानी गरेकोमा यसरी कार्य गर्न गठन भएका उपभोक्ता समिति

दर्ता भएको पाइएन । त्यस्ता समितिहरु स्थानीयस्तरमा सञ्चालित आयोजनाको निर्माण गर्न अस्थायी रुपमा गठन हुने र कार्य सम्पन्न पश्चात् समिति विघटन हुने हुँदा निर्माण कार्य सम्पन्न भएका आयोजना सञ्चालन तथा मर्मत सम्भारमा ती समितिलाई जिम्मेवार बनाउन कठिनाइ हुने र त्यस्ता समितिहरुले आय व्ययको लेखापरीक्षण समेत नगराउने भएकोले स्थायी संयन्त्र मार्फत् काम गर्ने, गराउने गरी सुधार हुनु पर्दछ ।

४१ **कन्टिन्जेन्सी खर्चः**- यस पालिकाले हरेक योजनामा न्युनतम ३ प्रतिशतका दरले कन्टिन्जेन्सी कट्टा गरी खर्च गर्ने गरेको देखियो । योजनाको लगत नराखेको तथा कन्टिन्जेन्सीतर्फ रु.१०१००८६ खर्च गरेको छ । आयोजनागत खर्च स्पस्ट हुने गरी अभिलेख खाता राख्नुपर्नेमा एकमुष्ट रुपमा खर्च गरेको पाइयो । तसर्थ, कन्टिन्जेन्सी खर्चलाई व्यवस्थित गर्न निर्देशिका तयार गरी लागू गर्नुपर्दछ ।

४२ **निःशुल्क उपचार सहायता**

भौचर नं. २६।२०८०।०९।१७, जनस्वास्थ्य सेवा ऐन, २०७५ को दफा ३ मा स्वास्थ्य सेवाको पहुंच तथा सुनिश्चितता हुने व्यवस्था रहेको छ। नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट जारी गरेको विपन्न नागरिक औषधि उपचार कोष निर्देशिका, २०७५ को दफा ३ मा विपन्न नागरिकलाई औषधि उपचार वापत आर्थिक सहायता दिने प्रवन्ध गरिएको तथा दफा ४ मा यस्तो सेवा लिने प्रक्रिया वारेमा उल्लेख छ ।सोही मन्त्रालयबाट जारी भएको विपन्न नागरिक औषधिउपचार कार्यक्रम संचालन निर्देशिका, २०८० ले पनि विपन्न नागरिकलाई औषधि उपचार वापत सहायता दिने प्रक्रिया बारेमा विस्तृत उल्लेख गरिएको छ ।नेपाल सरकारले यस्ता कार्यको लागी बजेट व्यवस्था गरेको देखिन्छ । सोही बमोजिम विपन्न नागरिक, असहाय तथा गरीब जस्ता लक्षित वर्गलाई निशुल्क उपचार वापतको आर्थिक सहायता वितरण वापत वार्षिक कार्यक्रम अनुसार यस वर्ष यस पालिका बाट २५ जनालाई प्रति महिना ५ हजार का दरले २०७९ माघ देखि २०८० मंसीरसम्म जम्मा रकम रु.१२३५००० र भौचर नं ७१।२०८१।०२।२३ बाट २२ जनालाई ५ हजारका दरले २०८० पौष देखि २०८१ बैशाख सम्म रकम रु.४७५००० गरि जम्मा रकम रु.१७१०००० रकम भुक्तानी गरेको छ। पालिकाले दीर्घरोगीहरुको विवरण पालिकाको वेवसाइटमा राख्नुपर्नेमा नराखेको तथा सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्रा हीलाई समेत भुत्तानी भए/नभएको एकिन गरी दोहोरो नपर्ने भुक्तानी गर्नुपर्नेमा नगरेको देखिएकोले दोहोरो भुक्तानी नभएको सम्बन्धमा विश्वस्त हुन सकिएन। पालिकाले निःशुल्क उपचार सहायता खर्चको पारदर्शिता र जवाफदेहिता प्रवर्धनको लागी सहायता प्राप्त गर्ने व्यक्तीको नाम, ठेगाना र उपचारको किसिम तथा रकम वेभसाइटबाट सार्वजनिकरण गर्नु पर्दछ।

४३ **फरक शीर्षकबाट खर्च**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३८ (२)क अनुसार स्वीकृत बजेटबाट खर्च गर्ने सम्बन्धमा स्वीकृत बजेटभित्र र सम्बन्धित खर्च शीर्षकबाट मात्र खर्च गर्नुपर्ने तथा महालेखा नियन्त्रकको कार्यालयले तयार गरेको आर्थिक संकेत बर्गीकरण तथा व्याख्या, २०७४ ले निर्देशन गरेको ढाँचा अनुसार खर्च लेख्नुपर्ने व्यवस्था छ । पालिकाले स्थानीय तहमा कार्यरत स्वास्थ्व तर्फका कर्मचारीहरुलाई भुक्तानी गर्नुपर्ने पारिश्रमिक खर्च शीर्षकबाट ल्यापटप खरिद गरेको, स्वास्थ्व चौकीलाई फर्निचर खरिद गरेको, पालिकामा राख्ने प्रयोजनको लागि इन्भटर खरिद गरेको, इन्टरनेटको रकम भुक्तानी गरेको देखिएको तथा पत्रपत्रिकालाई भुक्तानी गरेको देखिएकोले शीर्षक फरक पारि लेखेको खर्च नियमसँगत नभएको रु. ३०२९९७७

| भौ.नं. र मिति | भुक्तानी विवरण | भुक्तानी रु. | खर्च लेखिएको शीर्षक | लेख्नुपर्ने खर्च शीर्षक |
|---|---|---|---|---|
| १५।०८०।८।१२ | सूचना प्रकाशन वापत | १५९३७५ | २११११-पारिश्रमिक कर्मचारी | २२३१५- पत्रिका छपाई तथा सूचना प्रकाशन खर्च |
| २७।०८०।९।२६ | इन्टरनेटको बिल भुक्तानी | ६३००० | २११११-पारिश्रमिक कर्मचारी | २२११२- संचार महशुल |
| ९७।०८१।३।१३ | फर्निचर खरिद | ९८१३७१ | २११११-पारिश्रमिक कर्मचारी | ३१११५-फर्निचर तथा फिक्चर्स |
| ९५।०८१।३।१३ | उपकरण खरिद | ७०००० | २११११-पारिश्रमिक कर्मचारी | ३११२२-मेशिनरी औजार |
| १२६।०८१।३।२१ | ल्यापटप खरिद | १४६८४३५ | २११११-पारिश्रमिक कर्मचारी | ३११२२-मेशिनरी औजार |
| १२७।०८१।३।२१ | इन्भटर खरिद | १९७७५० | २११११-पारिश्रमिक कर्मचारी | २२३१४- इन्धन अन्य प्रयोजन |
| १३३।०८१।३।२२ | विज्ञापन प्रकाशन | ९००४६ | २११११-पारिश्रमिक कर्मचारी | २२३१५- पत्रिका छपाई तथा सूचना प्रकाशन खर्च |
| जम्मा रकम रु. ३०२९९७७ | | | | |

| अनियमित भएको | ३०,२९,९७७ |
|---|---|

४४ **लघु उद्यम कार्यक्रम**

गरिवी निवारण निर्देशिका, २077 को बुँदा नं. ३० मा उद्यमशीलता विकास तालिम,सीप विकास तालिम, प्रविधिको हस्तान्तरणको स्थलगत अध्ययन गरी तथ्याङ्क तयार गर्नुपर्ने व्यवस्था छ। यस वर्ष पालिकाबाट लघु उद्यम कार्यक्रमको लागि रु.१९८०५० बजेट खर्च भएको छ। तालिम संचालन पश्चात उद्यम सञ्चालन गरे नगरेको तालिममा सिकेको सीपको सदुपयोग आय आर्जन गरे नगरेको तथ्याङ्ग तयार गर्नुपर्ने साथै प्रविधि हस्तान्तरण गरेपछि प्रविधिको सदुपयोग भए नभएको तथ्याङ्क तयार गर्नुपर्नेमा तयार गरेको छैन। यस्तै गरिवी निवारण निर्देशिका, २०७७ को बुंदा नं. ३१ मा उद्यमशीलता विकास तालिम, सीप विकास तालिम गरेका, प्रविधिको हस्तान्तरण गरेका स्रोत साधनको अभावको कारणले उद्यमीहरुले उद्यम सचालन गर्न आंशिक सहयोग गर्नु पर्दछ भन्ने व्यवस्था भएपनि यस बमोजिम कुनै काम भएको छैन। यसर्थ लघु उद्यमबाट नयाँ उद्यमीको विकास र नयाँ उद्यमहरुको सृजना भएको छ भन्ने यकिन हुने गरी तथ्याङ्क तयार हुनुपर्दछ।

४५ **प्रधानमन्त्री रोजगार कार्यक्रम**

प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ अनुसार बेरोजगार व्यक्तिहरुलाई १०० दिनसम्मको रोजगारी प्रदान गर्ने तथा सामान्य प्रकृतिका निर्माण तथा मर्मत, कृषि कार्य लगायतका कामहरु गर्ने उद्देश्यले प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको पालिका अन्तर्गतका विभिन्न वडामा ६ योजना सञ्चालन गरी यस वर्ष १२० जनालाई औसत ६६ दिनले ७९०८ दिन रोजगारी उपलब्ध गराई रु.५२८२५४४ श्रमिक ज्याला खर्च गरेको छ ।

यस सम्बन्धमा देखिएका अन्य व्यहोराहरू निम्न छन् ।

• प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ को दफा ७३(४) मा यस कार्यक्रमबाट भएको उपलब्धिको चौमासिक तथा वार्षिक समीक्षा गरी सो को प्रतिवेदन सार्वजनिक गर्नुपर्ने व्यवस्था छ। पालिकाले प्रधानमन्त्री रोजगार कार्यक्रमबाट भएको उपलब्धिको प्रगति समीक्षा गरेको देखिएन।पालिकाका नियमित योजना र प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका योजना छनौट गर्दा योजना छनौटको आधार नखुलाएकोले दोहोरो परे नपरेको सम्बन्धमा स्पष्ट हुन सकिएन । योजनामा दोहोरो नहुने गरी योजना छनौट गरी कार्यान्वयन गर्नुपर्दछ।

• उक्त खर्चबाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दिर्घकालीन रोजगारी सिर्जना भएको देखिंदैन ।

• प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ को दफा ७८ अनुसार वर्षको कम्तिमा एक पटक सार्वजनिक सुनुवाई गर्नुपर्नेमा सो गरेको देखिएन।

• प्रधानमन्त्री रोजगार कार्यक्रमको खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भएता पनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सिर्जना भएको देखिंदैन। धेरै बेरोजगार व्यक्तिहरुलाई रोजगारी दिने गरी कार्यक्रम सञ्चालन गर्नुपर्दछ।

४६ **वितरण भरपाई नभएको**

सेनीटरी प्याड खरिद गरि केशरी एण्ड सन्स प्रा.लि.लाई ३०५६८ थान सेनीटरी प्याड प्रति थान ५४.९० का दरले मू.अ कर सहित रकम रु.१८९६३४७ रकम भुक्तानी गरेकोमा पालिकाले २४५०० थान सेनीटरी प्याड विद्यालयलाई हस्तान्त्रण गरेकोमा ६०६८ थान सेनीटरी प्याड विद्यालयलाई हस्तान्त्रण गरेको नदेखिएको तथा सोको मौज्दात समेत एकिन नभएकोले प्रतिथान ५४.९० का दरले ६०६८ थान सेनीटरी प्याड वितरण गरेको भरपाई पेश गर्नुपर्ने अन्यथा असूल गर्नुपर्ने रकम रु.३३३१३३

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ३,३३,१३३ |

४७ **दिवाखाजा कार्यक्रम**

सामुदायिक विद्यालयमा दिवा खाजा मापदण्ड तथा कार्यक्रम सहजीकरण पुस्तिका, २०८० को अनुसार दिवा खाजाको अनुदान रकम माग र निकासा प्रक्रिया अन्तर्गत एक शैक्षिक वर्षमा १८० दिन सम्मको रकम वा खाद्य सामग्री निकासा गर्नुपर्ने तथा पालिका अन्तर्गतका सामुदायिक विद्यालयहरुमा दिवा खाजाकको कार्यक्रम कानूनले तोकेको अवधि भरीमा संचालनको लागि दिवा खाजाको रकम निकासा दिने र सो कार्यक्रमको प्रभावकारिताको लागि आवश्यक अनुगमन समेत गर्नुपर्ने व्यवस्था रहेको छ। पालिकाबाट दिवा खाजा उपलब्ध गराए नगराएको सम्बन्धमा कुनै अनुगमन समेत भएको देखिएन। पालिका अन्तर्गतका २१ वटा विद्यालयहरुमा दिवा खाजाको रकम निकासा गर्दा परिक्षामा सम्मलित विद्यार्थी संख्यालाई आधार मानि विद्यालय संचालन दिन र विद्यालयबाट दिवा खाजा उपलब्ध गराएको दिनलाई समेत एकिन गरी दिवा खाजाको रकम निकासा गर्नुपर्नेमा सो गरेको देखिएन। विद्यालयहरुले दिवा खाजा उपलब्ध गराए/नगराएको सम्बन्धमा पालिकाबाट कुनै अनुगमन सुपरीवेक्षण समेत भएको देखिएन। पालिका अन्तर्गतका विद्यालयहरुबाट लाभग्राही विद्यार्थीहरुलाई दिवा खाजा उपलब्ध भए/नभएको सम्बन्धमा आवश्यक अनुगमन गरी कार्यविधिले तोकेको समयावधिमा दिवा खाजा कार्यक्रम सञ्चालनको व्यवस्थालाई प्रभावकारी बनाउनु पर्दछ।

४८ **पाठ्यपुस्तक अनुदान**

पाठ्यपुस्तक अनुदान कार्यक्रम कार्यन्वयन पस्तिका, २०८०।०८१ को क्रियाकलाप नं. २.४.६.१ मा सामुदायिक विद्यालयहरुमा अध्ययनरत विद्यार्थीहरुको लागि निःशुल्क पाठ्यपुस्तकको लागि विद्यालयहरुलाई अनुदान उपलब्ध गराउदा पहिलों किस्तामा ७५ % अनुदान मात्र उपलब्ध गराउने र दोस्रो किस्तामा आवस्यकता अनुसार २५ % दिन सकिने व्यवस्था छ। पालिकाले पहिलो किस्ताको रकमबाट विद्यालयले पाठयपुस्तक खरिद गरी विद्यार्थीहरूलाई बाँडेको विवरण पेश नगरी नै पालिकाले दोस्रो किस्ता समेत अनुदान उपलब्ध गराएको छ। पालिकाले विद्यालयहरुबाट पाठ्यपुस्तक खरिद गरी विदया्थीहरुलाई वितरण गरेको प्रमाण माग गरी अध्यावधिक रुपमा राख्नुपर्नेमा तपशिलमा उल्लिखित विद्यालयहरुको विद्यार्थी संख्याको आधारमा निकासा भएको रकम र विद्यार्थीलाई पाठ्यपुस्तक वितरण गरेको भरपाईको आधारमा बढी निकासा भएको देखिएकोले बढी निकासा भएको तपशिलमा उल्लिखित विद्यालयहरुबाट निकासा फिर्ता गर्नुपर्ने रकम रु.१७६६८८

| | |
|---|---|
| जनता माध्यमिक विद्यालय औरैया | १२४३४१ |
| माध्यमिक विद्यालय मठिया | ५२३४७ |
| जम्मा रकम रु. | **१७६६८८** |

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,७६,६८८ |

४९ **छात्रवृत्ति कार्यक्रम कार्यान्वयन**

नेपालको संविधानको अनुसूची ८ अनुसार आधारभूत र माध्यमिक शिक्षा स्थानीय तहको अधिकारको सूची अन्तर्गत रहेको देखिन्छ । अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी ऐन , २०७५ को दफा २७ मा निजी लगानीका विद्यालयले प्रारम्भिक बालविकास तथा शिक्षा देखि बाह्र कक्षा सम्मका कूल विद्यार्थी संख्या अनुसार पांचसय जनासम्म, पांचसय देखि आठसय जनासम्म र आठसय भन्दा बढी विद्यार्थी संख्या भएका विद्यालयले क्रमशः कम्तीमा दश, बाह्र र पन्ध्र प्रतिशत विद्यार्थीलाई निःशुल्क शिक्षा प्रदान गर्न स्थान आरक्षण गर्नुपर्ने व्यवस्था छ । शिक्षा नियमावली , २०५९ को नियम १५१ मा संस्थागत विद्यालयले गरीव, अपाङ्ग , महिला, दलित र जनजाति

विद्यार्थीलाई छात्र वृत्ति उपलब्ध गराउनुपर्ने व्यवस्था छ । यसर्थ पालिकाले आफ्नो क्षेत्रका विद्यालयको अनुगमन गरी यस्ता छात्रवृत्ति कार्यक्रमको कार्यान्वयनको पारदर्शिता र जवाफदेहिता प्रवर्धनको लागी यसरी छात्रवृत्ति पाउने विद्यार्थीको नाम, ठेगाना र रकम पालिकाको र सम्वन्धित विद्यालयको वेभसाइटबाट सार्वजनिकरण गर्नु गराउनु पर्दछ ।

५० **विद्यालयको लेखापरीक्षण**

शिक्षा नियमावली, २०५९ मा सामुदायिक विद्यालयहरुले प्रत्येक बर्ष लेखापरीक्षण गराउनुपर्ने व्यवस्था छ। विद्यालयको लेखापरीक्षणको लागि पालिकाले लेखापरीक्षक नियुक्त गरिदिने र लेखापरीक्षण प्रतिवेदन अनुसार कार्वाही गर्नुपर्दछ। पालिका अन्तर्गतका सामुदायिक विद्यालयहरुको आर्थिक वर्ष २०८०।०८१ मा विद्यालय संचालन तथा व्यावस्थापन अनुदान अन्तर्गत पालिकाले रकम निकासा गरेकोमा लेखापरीक्षणको गर्ने अवधिसम्म विद्यालयको लेखापरीक्षण भएको देखिएन। पालिका अन्तर्गतका सामुदायिक विद्यालयहरुको लेखापरीक्षण अवधिमा सम्पूर्ण विद्यालयको लेखापरीक्षण गर्नुपर्दछ।

५१ **छात्रवृति वितरण**

शिक्षा कार्यक्रम कार्यान्वियन पुस्तिका, २०८०।०८१ को क्रियाकलाप नं. ७.२.१.१ अन्तर्गत सार्वजनिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरुको लागि छात्रवृति शीर्षक अनुसार बालबालिकाको विद्यालय शिक्षामा पहुँच अभिवृद्धि गर्न, गुणस्तर सुधार तथा सिकाई निरन्तरताको लागि छात्रवृतिको प्रबन्ध गरेको र यस क्रियाकलापमा अन्तर्गत स्थानीय तहका कार्यक्रममा स्वीकृत रकमको बाँडफाड गरि विद्यालयहरुलाई अनुदान उपलब्ध गराउने, स्थानीय तहले विगतदेखि आवाशिय छात्रवास संचालनमा रहेका विद्यालयको पहिचान गरि संचालनको अवस्था एवं विद्यार्थी संख्या यकिन गर्ने, छात्रवृति रकम उपलब्ध गराँउदा आवासमा बस्ने विद्यार्थीलाई प्राथमिकता दिई त्रैमासिक रुपमा छात्रवृति उपलब्ध गराउनुपर्ने, अन्य गैरआवाशिय प्रकृतिका छात्रवृति विद्यालयको मागको आधारमा तेस्रो त्रैमासिकमा विद्यालयहरुलाई अनुदान दिने विद्यालयले छात्रवृति वितरण गरेको भरपाई स्थानीय तहमा पेश गर्नुपर्ने व्यावस्था रहेको छ । छात्रवृति कार्यक्रम अन्तर्गत विद्यालयहरुलाई रकम रु.१६९८००० निकासा भएकोमा लेखापरीक्षणको समायअवधि सम्म विद्यालयहरुले छात्रवृति वितरण नगरेको देखिएकोले छात्रवृत्ति वितरणको भरपाई पेश गर्नुपर्ने रकम रु.१६९४८००

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १६,९८,८०० |

५२ **दिवा खाजाको निकासा**

सामुदायिक विद्यालयमा दिवा खाजा मापदण्ड तथा कार्यक्रम सहजीकरण पुस्तिका, २०७६ अनुसार दिवा खाजाको अनुदान रकम माग र निकासा प्रक्रिया अन्तर्गत एक शैक्षिक वर्षमा १८० दिनसम्मको रकम वा खाद्य सामग्री निकासा गर्नुपर्ने तथा कार्यक्रम कार्यन्यवन पुस्तिका, २०८०।०८१ को क्रियाकलाप नं. २.७.११.१ को बुँदा नं. घ मा भएको व्यवस्था अनुरुप दिवा खाजाको रकम निकासा पश्चात विद्यलयहरुले दिवा खाजा संचालन गरेको दिन र विद्यार्थीको हाजिरी विवरण पालिकामा पेश गर्नुपर्ने र पालिकाको शिक्षा शाखाबाट अनुगमन गर्नुपर्ने व्यवस्था छ। पालिका अन्तर्गतका तपशिलमा उल्लिखित विद्यालयहरुमा निकासा भएको रकमबाट दिवा खाजा संचालनको प्रमाण पालिकामा पेश गरेको नदेखिएकोले दिवा खाजा वापत निकासा भएको तपशिलमा उल्लिखित विद्यालयहरुले पालिकामा प्रमाण पेश गर्नुपर्ने देखिएको रु.८९४०९०

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ८,९४,०९० |

५३ **संस्थागत विद्यालयहरुको अनुगमन**

संघीय शासन प्रणाली अनुसार माध्यमिक तहसम्मको शिक्षा स्थानीय तहको जिम्मेवारीमा पर्दछ। सामुदायिक विद्यालयहरुको क्षमता अभिवृद्धि गर्ने तथा संस्थागत विद्यालयहरुको अनुगमन गर्ने कार्य पालिकाको हो। पालिकाले सस्थागत विद्यालय अनुगमन मापदण्ड वनाएको तथा अनुगमन गरेको देखिएन। पालिकाले संस्थागत विद्यालयको अनुगमन नगरेको कारण संस्थागत विद्यालयहरुले बढी दरमा शुल्क लिएको तथा गरिब तथा जेहेन्दार विद्यार्थीहरुको लागि छात्रवृति प्रदान गरे/नगरेको यकीन गर्न सकिएन। पालिकाले संस्थागत विद्यालय अनुगमन मापदण्ड निर्माण गरी संस्थागत विद्यालयको नियमित अनुगमन गर्नुपर्दछ।

५४ **शैक्षिक गुणस्तर**

सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर सुधारको नीति तथा कार्यक्रम, २०७५ अनुसार सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर सुधार नीति तथा कार्यक्रम कार्यान्वियन गर्दा स्थानीय सरकारको अग्रणी भूमिका हुने व्यवस्था अनुरुप सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर सुधार मार्फत नागरिकको छनौटको विद्यालयको रुपमा विकास गरी समाजमा सामुदायिक विद्यालयको ख्याति स्थापित गर्न स्थानीय तहले बाल विकास केन्द्रहरूको पुनर्वितरण तथा सञ्चालनमा सुधार, पाठ्यक्रम तथा पाठ्यसामग्रीमा समसामयिक सुधार, प्रधानाध्यापकहरूको व्यबस्थापकीय एवं नेतृत्व क्षमता बढ़ाउने, शिक्षक छनौट प्रक्रियामा सुधार, शिक्षक तालिम तथा पेशागत विकासलाई सुद्धिढिकरण, शिक्षक प्रशंसा तथा प्रोत्साहनको व्यवस्था गरी उत्प्रेरणा अभिवृद्धि, शिक्षकको वृति विकास प्रणालीमा परिवर्तन, विद्यार्थी मूल्यांकन प्रणालीमा सुधार, विद्यालय र नागरिकबीच सुमधुर सम्बन्ध, सहयोग र सहकार्य तथा प्राविधिक तथा व्यावसायिक शिक्षामा सुधार जस्ता कुराहरुलाई समेटि शैक्षिक गुणस्तर मापन मापदण्ड तयार गरी लागु गर्नुपर्नेमा सो सम्बन्धि कुनै पनि कार्य गरेको देखिएन । पालिकाले शैक्षिक गुणस्तर सुधारको कार्ययोजना बनाई सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर सुधारमा ध्यान दिनुपर्दछ ।

५५ **सामुदायिक विद्यालयको गुणस्तर**

सामुदायिक विद्यालयहरुको शैक्षिक गुणस्तर स्थितिको नियमित रुपमा अनुगमन गरी सोको एक प्रति प्रतिबेदन शिक्षा तथा मानवस्रोत केन्द्रमा पठाउने र सोको कार्यान्वियन गरी बिद्यालयमा शैक्षिक गुणस्तर सुधार गर्नुपर्ने ब्यवस्था छ। यस पालिकाले आ.व.२०८०।०८१ मा बिद्यालयको शैक्षिक गुणस्तरको बारे अनुगमन गरेको देखिएन। पालिकाले आफनो अन्तर्गतका विद्यालयहरुको गुणस्तर सुधार गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ।

५६ **दिवा खाजा**

सामुदायिक विद्यालयमा दिवा खाजा मापदण्ड तथा कार्यक्रम सहजीकरण पुस्तिका, २०७६ अनुसार दिवा खाजाको अनुदान रकम माग र निकासा प्रक्रिया अन्तर्गत एक शैक्षिक वर्षमा १८० दिनसम्मको रकम वा खाद्य सामग्री निकासा गर्नुपर्ने तथा कार्यक्रम कार्यन्यवन पुस्तिका २०८०।०८१ को क्रियाकलाप नं. २.७.११.१ को बुँदा नं. घ मा संघीय सरकारबाट शशर्त अनुदानका रुपमा वित्तीय हस्तान्त्रण गर्दा राष्ट्रियस्तरमा देखिने अनुपस्थित दर, विद्यालय छाड्ने दर लगायतलाई आधार मानी प्रति विद्यार्थी वार्षिक रुपमा १८० दिनका दरले बजेट हिसाब गरि पालिकाले त्रैमासिक रुपमा निकासा छाड्ने र स्थानीय तहले दोस्रो त्रैमासिकदेखि विद्यालयमा बजेट निकासा गर्दा भौतिक रुपमा पुरा समय चलेको दिन खाजा उपलब्ध गराइएका विद्यालयका प्रधानध्यापक र विद्यालय व्यवस्थापन समितिको अध्यक्षबाट विद्यालयको संख्यात्मक हाजिरी विवरण प्रमाणित गराई स्थानीय तहमा संकलन गरी संख्या यकिन भएपछि मात्र थप अनुदान दिने व्यवस्था मिलाउने, यसरी प्रत्येक त्रैमासिकमा निकासा गर्दा उक्त समयभन्दा अगाडी निकासा गरिएको रकम सदुपयोग भए नभएको सम्बन्धमा सुनिश्चित गर्नुपर्ने व्यवस्था छ। पालिकाबाट दिवा खाजा वापतको रकम निकासा गर्दा विद्यालय संचालन नभएको दिनमा समेत दिवा खाजाको रकम निकासा गरेको देखिएकोले विद्यालय संचालन नभएको दिनमा निकासा भएको दिवाखाजाको रकम असूल गर्नुपर्ने रु.

| विद्यालयको नाम | विद्यालय संचालन दिन | विद्यार्थी संख्या | बढी निकासा भएको दिन | बढी निकासा भएको रकम |
|---|---|---|---|---|
| महावीर प्रा वि | १७७ | १९९ | ३ | १४९२५ |
| क्रान्ती प्रा वि | १७८ | २९० | २ | ८७०० |
| राइस प्रा वि | १७५ | १८७ | ५ | १४०२५ |
| महेन्द्र राय प्रा वि | १७७ | ८४ | ३ | ३७८० |
| मदरसा आयोसा सिद्धिका | १७९ | १११ | १ | १६६५ |
| अलहेज उर्दु एकेडमी | १७९ | २३३ | १ | ३४९५ |
| जमिया महमुदुल लिवनाव | १७९ | १६५ | १ | २४७५ |
| जनता मा वि | १७३ | ४८० | ७ | ५०४०० |
| मा वि मठिया | १७४ | ८६४ | ४ | ७५६०० |
| मा वि डुमरिया | १७८ | ३९७ | २ | ५९५५ |
| तालिममुल कुरान लवटना | १७६ | १२४ | ४ | ७४४० |
| मदरसा जामिया तामिममुल कुरान | १७६ | ९८ | ४ | ५८८० |
| मा वि जटहरा | १७९ | २५४ | १ | ३८१० |
| जम्मा रकम रु. | | | | १९८१५० |

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,९८,१५० |

५७ **शैक्षिक क्यालेण्डर**

भौचर नं. ३९।२०८०।११।१८, विद्यालय संचालन तथा व्यावस्थापन अनुदान अन्तर्गत आधारभूत तह संचालित विद्यालयहरुलाई सामाजिक परीक्षण तथा आर्थिक लेखापरीक्षण विद्यराथी परिचयपत्र व्यावस्थापन विद्यालय तथ्याङ्क व्यावस्थापान बुलेटिन प्रकासन लगाएतका क्रियाकलाप संचालनका लागि एकमुष्ठ अनुदान निकासा गर्नुपर्नेमा पालिकाले दिलीप कम्प्यूटर एण्ड कम्यूनिकेशन कर्नरबाट प्रति थान १२५ का दरले शैक्षिक क्यालेण्डर छपाई गरि रकम रु.१२५००० भुक्तानी दिएको छ। विद्यालयलाई निकासा दिनुपर्ने रकमबाट पालिकाले शैक्षिक क्यालेण्डर खरिद गरि भुक्तानि दिएको देखिएकोले कार्यक्रम कार्यान्चन निर्देशिकाले तोकेको कार्यविधिको पालना गरि खर्च गर्नुपर्दछ।

५८ **बिज्ञापन बोर्ड**

बिज्ञापन बोर्ड ऐन, २०७६ को दफा १४ तथा दफा २१ तथा बिज्ञापन नियमन गर्ने नियमावली, २०७७ को नियम ६क बमोजिम सरकारी विज्ञापनमा रकम भुक्तानी गर्दा विल रकमको ३ % रकम कट्टा गरी भुक्तानी गर्नुपर्ने र सो रकम बिज्ञापन बोर्डको कार्यालयमा पठाउनु पर्ने व्यवस्था छ। कार्यालयले देहाय अनुसार रु.१५९३७५ भुक्तानी गरेकोमा सोको ३ % कट्टा गरेको देखिएन। तसर्थ, ३ % रकम कट्ट गरी बिज्ञापन बोर्डको कार्यालयको एभरेष्ट बैक लि.खाता नं. ००१२०१०५२०००३७ पठाउनुपर्ने देखिएको रु. ४७८१

| पान नं. | नाम | भुक्तानी रकम | ३ % ले हुने रकम |
|---|---|---|---|
| ६१००६३४३९ | आर. एन. एडभरटाइजिङ्ग एजेन्सी प्रा. लि | १५९३७५ | ४७८१ |

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-७** को निर्णयले रू **३,२९५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ….. कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-७** को निर्णयले रू **१०,००५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ४,७८१ |

५९ **पाठ्यपुस्तक अनुदान**

शिक्षा तथा मानव स्रोत विकास केन्द्रद्वारा निर्देशित कार्यक्रम कार्यन्वयन पुस्तिका, २०८०।०८१ को क्रियाकलाप नं.२.४.६.१ मा सामुदायिक विद्यालयहरुमा अध्ययनरत विद्यार्थीहरुको लागि निःशुल्क पाठ्यपुस्तकको लागि विद्यालयहरुलाई अनुदान उपलब्ध गराउदा पहिलों किस्तामा ७५ % अनुदान मात्र उपलब्ध गराउने र दोस्रो किस्तामा आवस्यकता अनुसार २५ % दिन सकिने, विद्यालयहरुले विद्यार्थीहरुलाई पाठ्यपुस्तक खरिद गरि वितरण गरेको भरपाई सम्बन्धित स्थानीय तहहरुमा पठाउने व्यवस्था छ। पालिकाले निशुल्क पाठ्यपुस्तक वापत पालिका अन्तर्गतका २१ वटा विद्यालयहरुलाई रकम रु.५८९३५३४ अनुदान निकासा गरेकोमा विद्यालयहरुबाट पाठ्यपुस्तक वितरण भए/नभएको सम्बन्धमा पालिकाबाट कुनै अनुगममन तथा सुपरीवेक्षण समेत भएको देखिंदैन । पालिका अन्तर्गतका ४ वटा विद्यालयले पाठ्यपुस्तक वितरणको भरपाई पालिकामा पेश गरेको देखिंदैन। IMIS को विद्यार्थी संख्या सँग सत्यापान गरि निकासा भएको रकम बाट विद्यार्थीलाई पाठ्यपुस्तक वितरण गरे/नगरेको सम्बन्धमा पालिकाबाट अनुगमन गरि पालिकाले शैक्षिक सुधारतर्फ ध्यान दिनुपर्दछ।

६० **सेनीटरी प्याड खरिद**

भौचर नं.९९।२०८१।०३।१३, सेनिटरी प्याड (वितरण तथा व्यावस्थापन) कार्यविधि, २०७६ को परिच्छेद २ दफा ३(४) स्थानीय तहले आफ्नो क्षेत्रभित्रका सामुदायिक विद्यालयहरुको शैक्षिक सुचना व्यावस्थापन प्रणालीको तथ्याङ्कसँग भिडाई अनुसूची १ मा उल्लेख गरिए बमोजिमको गुणस्तरको सेनिटरी प्याड प्रचलित कानून बमोजिम खरिद गरि विद्यालयको छात्राहरुको संख्याको आधारमा आवश्यक पर्ने सेनिटरि प्याड शिक्षा शाखा मार्फत स्थानीय तहमा पठाउनुपर्ने र पालिकाले स्थानीय तहसँग समन्वय गरि विद्यालयको आवश्यकता, बजारमा प्याडको उपलब्धता, प्याडको उत्पादन तथा प्रयोग गर्ने मिति स्थानीय तह तथा विद्यालयको भण्डार क्षमता जस्ता पक्षहरुमा ध्यान दिई त्रैमासिक, चौमासिक वा अर्धवार्षिक रुपमा वितरण गर्न सकिने व्यवस्था छ। पालिकाले वर्षान्तमा केशरी एण्ड सन्स प्रा.लि.बाट प्रति थान ५४.९० का दरले ३०५६८ थान सेनिटरी प्याड खरिद गरि रकम रु.१८९६३४७ रकम भुक्तानी दिएको छ। कार्यालयले प्याड खरिद गर्दा गत विगतको खपत र मौज्दात तथा विद्यार्थीको संख्या एकिन गरि खरिद गर्नुपर्नेमा विद्यार्थी संख्या एवं विगतको आर्थिक वर्षमा खरिद गरेको मौज्दात तथा कक्षा ६ देखि १२ सम्मको छात्रा संख्यालाई आधार मानि खरिद गरि वितरणको व्यवस्था मिलाउनुपर्नेमा सो नगरेको तथा पालिकाबाट विद्यालयहरुमा लाभग्राही विद्यार्थीहरुलाई सेनिटरी प्याड वितरण भए/नभएको सम्बन्धमा अनुगमन समेत नभएको देखिएकोले पालिकाले विद्यार्थी संख्या, गत विगत आर्थिक वर्षको खपत लाई आधार मानि समयमा सेनीटरी प्याड वितरणको व्यवस्था प्रभावकारी बनाउनुपर्छ।

६१ **कर कट्टी नभएको**

भौचर नं. ९०।२०८१।०३।०६, विद्यालयमा शैक्षिक गुणस्तर सुदृढीकरण तथा कार्यसम्पादनमा आधारित प्रोत्सान अनुदान अन्तर्गत कार्यक्रम अन्तर्गत पालिका अन्तर्गतका ३ वटा विद्यालयहरुमा रकम रु. १९५०००० रकम निकासा भएकोमा विद्यालयमा कम्प्यूटर प्रयोगशाला स्थापना गरि बिल भरपाई पालिकामा पेश गर्नुपर्ने गरी पालिकाले विद्यालयसँग सम्झौता गरेकोमा विद्यालयहरुले कम्प्यूटर खरिद गरि पालिकामा पेश गरेको कागजात अनुसार तपशिलमा उल्लिखित विद्यालयहरुले पेश गरेको विजकमा नियमानुसार कर कट्टि नगरेको देखिएकोले कर रु.२४५०० दाखिला गर्नुपर्ने रु.

| विद्यालयको नाम | बिल रकम | अग्रिम कर कट्टी |
|---|---|---|
| माध्यमिक विद्यालय मठिया | ५७३००० | ८५९५ |
| आधारभूत विद्यालय बन्जरा | ४८६००० | ७२९० |
| माध्यमिक विद्यालय इशनाथ | ५७४३३४ | ८६१५ |
| जम्मा रकम रु. | | २४५०० |

| | |
|---|---|
| असुल गर्नुपर्ने | २४,५०० |

६२ **औषधि खरिद**

भौचर नं. ६९।२०८१।०२।२०, पालिकालाई आवश्यक पर्ने औषधिको आवश्यकता वर्षभरिमा स्वास्थ्य केन्द्र तथा पटके शिविरमा तथा विशेष कार्यक्रमको लागि सुचीकृत भएका अत्यावश्यक औषधि कार्यालयबाट खरिद भई प्राप्त हुने परिणाम तथा तालुक कार्यालयबाट प्राप्त गरेको औषधिको वार्षिक आवश्यकताको परिमाण विवरण तयार गरी आपूर्ति व्यवस्थापन गर्नु पर्दछ। औषधि खरिद गर्दा आवश्यकता पहिचान गरि खरिद गरेको देखिएन। आपूर्ति हुने औषधि तथा औषधिजन्य सामाग्रीको Expiry date स्टोर दाखिला समय सम्म १८ महिना बाँकी हुनुपर्ने व्यवस्था छ। खरिद गरि आपूर्ति भएका औषधि नेपाल सरकारबाट निशुल्क वितरणको लागि भनि वाक्याशं उल्लेख गर्ने गर्नुपर्दछ। सिलबन्दी दरभाउपत्र (SDM/Ishnath/Medicine/2080-081-1) मार्फत् रकम रु.९५२६१५ मा लाइफ लाइन ड्रप प्रा.लि.बाट औषधि खरिद गरि भुक्तानी दिएको छ। पालिकाले खरिद गरेको औषधिको प्रयोग र मौज्दात यकीन नभएको, नेपाल सरकारबाट निशुल्क वितरणको लागि भन्ने वाक्याशं उल्लेख गर्नुपर्नेमा नगरेको, Drugs Store को व्यावस्थापन नगरेको, आकस्मिक व्यवस्थापनको लागी औषधि राखि व्यावस्थापन नगरिएको, स्टोर दाखिला गर्नुपर्ने मितिसम्ममा १८ महिनाको औषधिको प्रयोग मिति हुनुपर्नेमा नभएको, निःशुल्क वितरण हुने औषधिमा MRP प्रिन्ट भएको, औषधिको गुणस्तरमा कमी नआउने गरि भण्डारण नगरेको तथा विगतको विरामी संख्यालाई आधार लिई वर्षको शुरुमा नै खरिद गरि वितरणको व्यावस्था मिलाउनुपर्नेमा वर्षान्तमा औषधि खरिद गरि भुक्तानी दिएको देखिएकोले पालिकाले कार्य योजना बनाई औषधिको वितरणको व्यवस्थालाई प्रभावकारी बनाउनु पर्दछ।

६३ **न्यानो झोला मौज्दात**

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट जारी गरेको आर्थिक वर्ष २०८०।०८१ मा सशर्त अनुदानतर्फ स्थानीय तहबाट सञ्चालन गरिने कार्यक्रमहरुको मार्गदर्शनमा प्रसुतिका आधारमा अनुमान गरी न्यानो झोलाको लागि अस्पतालहरुले सार्वजनिक खरिद ऐन र नियमावली अनुसार तोकिएको स्पेशिफिकेशन अनुसार खरिद गरी सो अनुसार गुणस्तर भए नभएको आधिकारिक तहबाट गुणस्तर परीक्षण गर्नुपर्ने व्यवस्था छ। पालिकाले बिगत आर्थिक वर्षमा खरिद गरेको न्यानो झोलाको मौज्दातमा हुँदाहुँदै यस वर्ष ५५० थान गरिद गरि २५० थान मात्र स्वास्थ्य संस्थालाई हस्तान्त्रण गरेको देखिन्छ। पालिकाबाट पेश भएको विवरण अनुसा विगतका वर्षहरुमा खरिद गरेको र चालू आ.व.मा खरिद गरेको गरि ११६३ थान न्यानो झोला गोदाममा रहेको देखिन्छ। पालिकाले न्यानो झोला खरिद गर्दा मौज्दातबाट नपुग्ने अवस्था भएमा मात्र खरिद गर्नुपर्नेमा गरेको देखिएन। आवश्यकताको पहिचान गरेर मात्र खरिद गर्नुपर्दछ।

६४ **बढी ग्रेड भुक्तानी**

( ✂ ….. कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-८** को निर्णयले रू **८,७३६** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

६५ **तलबी प्रतिवेदन**

स्वास्थ्य ऐन, २०५३ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा तलवी प्रतिवेदन पारित गराएर मात्र तलब खर्च लेख्नु पर्ने उल्लेख छ। पालिकाले यो वर्ष तलवी प्रतिवेदन पारित नगराई स्वास्थतर्फका कर्मचारीको पारिश्रमिकमा जम्मा रु ३००६६१७७.४९ खर्च

लेखेको छ। तलबी प्रतिवेदन पारित नगरी खर्च लेख्दा पाउने भन्दा बढी ग्रेड भुक्तानी हुन सक्ने देखिएकोले तलबी प्रतिवेदन पारित गराएर तलब भत्ता भुक्तानी गर्नुपर्दछ।

६६ **न्यानो झोला कार्यक्रम**

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट जारी गरेको आर्थिक वर्ष २०८०।०८१ मा सशर्त अनुदानतर्फ स्थानीय तहबाट सञ्चालन गरिने कार्यक्रमहरुको मार्गदर्शनमा प्रसुतिका आधारमा अनुमान गरी न्यानो झोलाको लागि अस्पतालहरुले सार्वजनिक खरिद ऐन र नियमावली अनुसार तोकिएको स्पेशिफिकेशन अनुसार खरिद गरी सो अनुसार गुणस्तर भए नभएको आधिकारिक तहबाट गुणस्तर परीक्षण गर्नु पर्ने व्यवस्था छ। पालिकाले केशरी एण्ड सन्स प्रा.लि.बाट प्रति थान ७७९ का दरले रकम रु. ४८४१४८ भुक्तानी दिएको छ। यस पालिका अन्तर्गतको १ वटा बर्थिङ सेन्टरमा २५० थानमात्र वितरण भएको पालिका अन्तर्गत १५१ मात्र प्रसुति भएको अभिलेखबाट देखिन्छ। पालिकाको भण्डारमा खरिद गरिएका २५० थान न्यानो झोला मौज्दातमा रहेका छन् । खरिद भएका त्यस्ता झोलाहरु तोकिएको स्पेशिफिकेशन अनुसार गुणस्तर भए नभएको आधिकारिक तहबाट परीक्षण गरेको देखिएन। तसर्थ माग र आवश्यकताको वस्तुनिष्ठ आङ्कलन गरी गुणस्तरीय झोला खरिद गर्नुपर्दछ। लामो समय भण्डारण गर्दा सोको गुणस्तरमा ह्रास आउने हुनाले त्यसतर्फ समेत पालिकाले ध्यान दिनुपर्दछ।

६७ **ल्यापटप खरिद**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-७** को निर्णयले रू **१,४६८,४३५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| प्रमाण पेश नगरेको | ० |
|---|---|

६८ **समायोजन ग्रेड**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-७** को निर्णयले रू **४१,६४२** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-७** को निर्णयले रू **४१,६४२** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-७** को निर्णयले रू **४१,६४२** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-७** को निर्णयले रू **४१,६४२** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-७** को निर्णयले रू **४१,६४२** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-७** को निर्णयले रू **४१,६४२** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-७** को निर्णयले रू **४१,६४२** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-७** को निर्णयले रू **३३,१०८** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-७** को निर्णयले रू **३३,१०८**

सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-७** को निर्णयले रू **३३,१०८** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-७** को निर्णयले रू **३१,३२२** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-७** को निर्णयले रू **३१,३२२** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-७** को निर्णयले रू **१९,२०६** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| असुल गर्नुपर्ने | ० |
|---|---|

६९ **सहकारी नियमन**

सहकारी ऐन, २०७४ को दफा ७३ अनुसार मासिक, चौमासिक, वार्षिक प्रतिवेदन बुझाउनुपर्ने र सहकारी नियमावली, २०७५ को नियम २८(४), सहकारी संस्थाहरुको सुपरीवेक्षण, निरीक्षण तथा अनुगमन निर्देशिका, २०७८ को दफा ३ मा मासिक प्रतिवेदन प्रत्येक महिना ७ गते भित्र एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) दाखिला गर्नु पर्ने व्यवस्था छ। पालिकाभित्र कति सहकारी छन् ती सहकारीको सम्बन्धमा पालिकाले के कस्ता कदम चालेको छ भन्ने सम्बन्धमा लेखापरीक्षणको क्रममा विवरण पेश नभएकोले सहकारी सम्बन्धमा एकिन हुन सकिएन। पालिकाले सहकारी ऐन तथा स्थानीय सरकार संचालन ऐन, २०७४ ले तोकेको कार्यविधि पालना गरि शहकारीको नियमन गरि वित्तीय पार्दशिता पालना गराउनुपर्नेमा सो गरेको देखिएन। कानून कार्यविधिको पालना गरि पालिकाभित्रका सहकारीको आवश्यक नियमन र व्यवस्थापन र अनुगमन मार्फत वित्तीय पारदर्शिता प्रवर्द्धन गर्नुपर्दछ।

७० **राजश्व दाखिला गर्नुपर्ने**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २८ अनुसार जिम्मेवार व्यक्तिले आफ्नो जिम्मामा आएको सरकारी नगद रकम सोही दिन दाखिला गरी स्रेस्ता खडा गर्नुपर्ने व्यवस्था छ। साथै सोही ऐन अनुसार तोकिएको समयमा राजश्व रकम दाखिला नगरेमा सम्वन्धित तालुक कार्यालयले १० प्रतिशत जरीबाना गरी दाखिला गर्न लगाउने तथा कसूरको मात्रा अनुसार प्रचलित कानून बमोजिम बिभागीय कारवाही समेत गर्न गराउन सक्ने व्यवस्था रहेको छ। यसरी पालिकाभित्रका वडा कार्यालयले सङ्कलन गरेको राजश्व रकम समयभित्र दाखिला नगरेकोले १० प्रतिशतको दरले जरिबाना समेत देहाय अनुसारको राजश्व रकम असुल गरी स्थानीय सञ्चित कोषमा दाखिला गर्नुपर्ने देखिएको रु.२२२५०८

| सि. नं. | राजश्व काट्ने प्रयोगकर्ताको नाम | कार्यालय | प्राप्त राजस्व रु. | राजस्व दाखिला गरेको रु. | राजस्व दाखिला गर्न बाँकी रु. | १० % ले लाग्ने जरिवाना रु | जरिवाना सहित दाखिला गर्न बाँकी राजस्व रु. | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| 1 | उमेश प्रसाद यादव | ३ नं. वडा कार्यालय | ५७०८० | ० | ५७०८० | ५७०८ | ६२७८८ | |
| 2 | संजय कुमार सिंह | ५ नं. वडा कार्यालय | १४५२०० | ० | १४५२०० | १४५२० | १५९७२० | |
| **जम्मा** | | | २०२२८० | ० | २०२२८० | २०२२८ | २२२५०८ | |

( ✂ ..... कार्यालयले बेरुजु फर्स्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-८** को निर्णयले रू **१४,८५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-८** को निर्णयले रू **१४,१९०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-८** को निर्णयले रू **२,०९०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-८** को निर्णयले रू **१८४,०३०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-८** को निर्णयले रू **११,२२०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-८** को निर्णयले रू **९,४६०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-८** को निर्णयले रू **७,८१०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-८** को निर्णयले रू **९,४६०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-८** को निर्णयले रू **६२,९२०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-८** को निर्णयले रू **२१,२३०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-८** को निर्णयले रू **३०,२५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-८** को निर्णयले रू **१३४,२००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-८** को निर्णयले रू **९४,०५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | २,२२,५०८ |

७१ (१-२०८१-२-१६):

**मूल्य अभिवृद्धि कर कट्टी गर्नुपर्ने**– मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ६(ग) अनुसार मू.अ.कर रकमको ३० प्रतिशत सम्बन्धित राजस्व शीर्षकमा र बाँकी ७० प्रतिशत सम्बन्धीत फर्मलाई भुक्तानी दिनुपर्ने उल्लेख छ । तर कार्यालयले देहायको भुक्तानीमा नियमानुसार ३० प्रतिशत रकम रु.३३३५७ कट्टि गरी राजस्व दाखिला नगरी फर्मलाई नै भुक्तानी दिएको देखिन्छ ।

| भुक्तानी पाउनेको नाम | प्यान नं. | भुक्तानी रु. | मू.अ.कर रु. | ३० प्रतिशत रु. |
|---|---|---|---|---|
| सिनर्जी राज देवी भक्त जे.भी. | ६१३३६३५४३ | ९६६५१३ | १११११९१ | ३३३५७ |

तसर्थ, उक्त रकमको कर समायोजन प्रमाण पेश हुनुपर्ने अन्यथा असुल हुनुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ३३,३५७ |

७२

**अग्रिम कर कट्टि नभएकोः** आयकर ऐन, २०५८ को परिच्छेद १७ मा बीलको भुक्तानीमा १.५ प्रतिशतको दरले अग्रिम कर कट्टि गर्नुपर्ने व्यवस्था छ । पालिकाले देहायका भुक्तानीमा नियमानुसार लाग्ने अग्रिम कर कट्टि नगरेको हुँदा सो कर रकम रु.२१६७४ असूल गरी दाखिला गर्नुपर्ने देखिएको रु.

| भौ.नं.र मिति | विवरण | भुक्तानी रु. | करको दर | कर रु. |
|---|---|---|---|---|
| नगरपालिका पूँजीगत | | | | |
| ७६।०८१।२।७ | पिपरा टोलदेखि पूर्व भकुवा नदीमा पुल निर्माण (आर्यन कन्स्ट्रक्सन) | ५८९६०० | १.५ | ८८४४ |
| पर्यटन पूर्वाधार विकास आयोजना | | | | |
| १।०८१।२।१६ | धर्मशाला निर्माण (सिनर्जी राज देवी भक्त जे.भी.) | ९६६५१३ | १.५ | १२८३० |
| **जम्मा** | | | | **२१६७४** |

| | |
|---|---|
| असुल गर्नुपर्ने | २१,६७४ |

७३ **अनुगमन**

सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को परिच्छेद- ६ अनुसार प्रत्येक कार्यालयले सामाजिक सुरक्षा भता वितरण कार्यक्रमको नियमित अनुगमन, मुल्याङकन तथा सुपरिवेक्षण गर्न एक स्थानीय स्तरको अनुगमन तथा सुपरीवेक्षण समिति गठन गरी निर्देशिका बमोजिम अनुगमन मुल्याङ्कन गरी भत्ता वितरणलाई व्यवस्थित गर्नुपर्नेमा पालिकामा समिति गठन भएको छैन । पालिकाले कार्यविधि परिपालनामा ध्यान दिनुपर्छ

७४ **निष्क्रिय खाता**

सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ अनुसूची- ७ र ८ बमोजिम सामाजिक सुरक्षा विशेष बचत खाता सञ्चालन गर्ने बैंक तथा वित्तीय संस्थाले यस प्रकारका खाताहरु मध्ये निष्क्रिय (Domant) खाताको विवरण केन्द्रिय पञ्जिकरण विभागलाई दिनुपर्ने साथै अनुसूची- ८ को बूदाँ नं. १० मा बैंकले निष्क्रिय (Dormant) खाताको विवरण सम्बन्धित स्थानीय तहलाई दिनुपर्ने व्यवस्था छ । बैंकले पालिकाको सामाजिक सुरक्षा भत्ता वितरण गर्दा Dormant खाताको विवरण पालिकालाई दिएको पाइएन । यसले गर्दा फिता हुनुपर्ने रकम फिर्ता भए नभएको सम्बन्धमा यकिन गर्ने सकिएन । कार्यविधिमा भएको व्यवस्था अनुसार पालिकाले उक्त बैंकसँग Dormant खाताको विवरण माग गरि सामाजिक सुरक्षा भत्ता वितरणमा यथार्थता ल्याउनुपर्छ ।

७५ **सामाजिक सुरक्षा भत्ता वितरण**

सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा १८ मा स्थानीय तहले सामाजिक सुरक्षा भत्ता वापत निकासा प्राप्त भएको रकम आर्थिक वर्ष समाप्त हुनुभन्दा कम्तिमा सात दिन आगावै वितरण कार्य सम्पन्न गरि कारोवार बन्द गर्नुपर्ने, आर्थिक कारोवार बन्द भए पछि प्रचलित कानुन बमोजिम निकासा र खर्चको लेखा अध्यावधिक बैंक सँगको हिसाब मिलान गरि बाँकी रहेको रकम कोष तथा लेखा नियन्त्रक कार्यालयमा फिर्ता गर्नुपर्ने, भत्ता वितरणको लागि निकासा भएको रकम सोहि आर्थिक बर्षमा खर्च नभएमा बाँकी रकम नेपाल सरकारको संघीय कोषमा दाखिला गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकामा भत्ता प्राप्त गर्ने लाभग्राहीको नविकरण भएको संख्या १०११९ नयाँ ईन्ट्रि भएको १७६१ र लगत कट्टा भएको १५५६ गरी जम्मा १०३२४ जना लाभग्राहीलाई भत्ता वितरण वापत रु.१८,८३,५०,०३१ निकासा भएको छ । बैंकले रकम रु.२८१७५० मिति २०८१।०६।२२ मा फिर्ता गरेको देखिन्छ। पालिकाले बैंक सँग विवरण भिडान गरी फिर्ता रकम एकीन गर्नुपर्नेमा सो नगरेकोले कति रकम फिर्ता गर्नुपर्ने भन्ने सन्दर्भमा एकिन हुन सकिएन । बैंकबाट निस्क्रिय खाताको एकिन गरी फिर्ता गर्नुपर्ने रकम संघिय सञ्चित कोषमा फिर्ता गर्नुपर्दछ।

७६ **पारदर्शिता र जवाफदेहिता**

सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा 32 अनुसार स्थानीय तहहरुले सामाजिक सुरक्षा भत्ता सम्वन्धी जानकारी (लाभग्राहीको नाम दर्ता तथा नविकरण प्रकृया, भताको दर, प्राप्त हुने बैड्क र लाभग्राहीले पुरा गर्नुपर्ने प्रकृया स्थानीय सामाजिक संस्था,गैरसरकारी संस्था, सामाजिक परिचालनमा संलग्न संस्थाहरुको सहयोग लिएर अनिवार्य रुपमा प्रचारप्रसार गर्नुपर्ने र यस

सम्बन्धी सुचना स्थानीय एफ एम लगायतका संचार माध्यमहरुबाट प्रचार प्रसार गर्नुपर्ने व्यवस्था मिलाउनु पर्ने र सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुको नाम नामेसी स्थानीयतहका कार्यालयका अतिरिक्त सम्बन्धित वडा कार्यालयमा समेत सार्वजनिक गर्नुपर्ने साथै सम्बन्धित स्थानीय तहको वेभ साइटमा राखुपर्नेमा गरेको देखिएन । कार्यविधिले निर्धारण गरेको प्रकृया अबलम्बन गरि सामाजिक सुरक्षा भत्ता वितरणलाई पारदर्शी बनाउनुपर्छ ।

७७ **पेश्की बाँकीः** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४७ (४) बमोजिम पेश्की लिने सरकारी कर्मचारी वा पदाधिकारीले म्यादभित्र पेश्की फर्स्यौट गर्नुपर्नेमा यस वर्ष निम्न कर्मचारी, पदाधिकारी एवं संस्थाले तोकिएको कामको लागि पेश्की लिई फर्स्यौट नगरेकोले फर्स्यौट गर्नुपर्ने रु.

| **सि.नं.** | **पेश्की लिनेको नाम** | **पद/ठेगाना** | **प्रयोजन** | **रकमरु.** |
|---|---|---|---|---|
| म्याद नाघेको पेश्की | | | | |
| 1 | आरती कुमारी | | राजेश साहको घर अगाडी रहेको ईनारमा चौतारा निर्माण | १००००० |
| 2 | राजेश्वर साह | | जटहारा मा.वि. विद्यालय भित्रको हनुमान मन्दिरको मूर्ती खरिद, मन्दिर मर्मत तथा प्राण प्रतिष्ठा गर्ने कार्य ५ | ५००००० |
| **जम्मा** | | | | **६०००००** |
| म्याद ननाघेको पेश्की | | | | |
| 3 | सिनर्जी राज देवी भक्त जे.भी. | | बिभिन्न निर्माण कार्य | २५४९९७९ |
| **जम्मा** | | | | **२५४९९७९** |
| **कूल जम्मा** | | | | **३१४९९७९** |

| | |
|---|---|
| पेश्की | ६,००,००० |

# अनुसूचीहरू

## अनुसूची - १

## आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०८०/८१

कार्यालय र स्थान : ईशनाथ नगरपालिका, रौतहट , ईशनाथ नगरपालिका , रौतहट

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | रविन्द्र कुमार झा | २०८१-१-२८ | २०८१-५-१६ |
| कार्यालय प्रमुख | नन्द किशोर गुप्ता | २०८१-५-१७ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | मनोज कुमार ठाकुर | २०७७-४-१ | हाल सम्म कार्यरत |

बेरुजु वर्गीकरण:

| असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेश्की |
|---|---|---|---|---|---|
| १,७९३,५४७ | ३,०२९,९७७ | ४,५३६,०४५ | ० | ० | १,५२०,००० |
| | | | | **प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.** | १०,८७९,५६९ |
| | | | | **प्रारम्भिक प्रतिवेदन उपर फछ्र्यौट गरी संपरीक्षण भएको रकम रु.** | ३,२४१,२६२ |
| | | | | **संपरीक्षणबाट थप भएको बेरुजू रु.** | ० |
| | | | | **लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.** | ७,६३८,३०७ |

स्थानीय तह :

| | | | |
|---|---|---|---|
| **गत बर्षको जिम्मेवारी** | | ५७६८४५९३.४३ | |
| **आम्दानी** | | **खर्च** | |
| **संघीय सरकारबाट अनुदान** | ३०२४९११७८.८१ | **चालु खर्च** | २८५३९६६३६.५२ |
| **प्रदेश सरकारबाट अनुदान** | १३७८२००० | **पूँजीगत खर्च** | १६१६५०४७७.०४ |
| **राजश्व बाँडफाँट** | ९२९०६८३७.९२ | **वित्तीय/अन्य व्यवस्था** | १९७४५३८७३.८२ |
| **आन्तरिक आय** | ३९३१४६५.८८ | | |
| **अन्य आय** | २००१९३२३८ | | |
| **कुल आय** | ६१३३०४७२०.६१ | **कुल खर्च** | ६४४५००९८७.३८ |
| **बाँकी मौज्दात** | | २६४८८३२६.६६ | |

# सुझाव

स्थानीय तहहरूद्वारा प्रदान गरिने सेवालाई छिटो, सरल, सुलभ र गुणस्तरीय बनाई स्थानीय जनताको जीवनस्तरमा सुधार ल्याउन यस स्थानीय तहले कानुन तथा नीति निर्माण, साधन स्रोतको प्रभावकारी परिचालन, विकास प्रशासन, राजस्व परिचालन, नियमित सेवा प्रवाह, आर्थिक प्रशासन लगायतका विषयमा तपसिल अनुसारका सुधार गर्नुपर्दछः

- वित्तीय हस्तान्तरण र राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम सम्बन्धित मार्गदर्शनमा तोकिएबमोजिम विनियोजनमा कुशलता, कार्यान्वयनमा दक्षता र अपेक्षित नतिजा प्राप्त हुने गरी बजेट विनियोजन गरी समयमै पारित गर्नुपर्दछ।
- आन्तरिक आयका क्षेत्रहरू पहिचान गरी आन्तरिक आय वृद्धि गर्नुपर्दछ। कार्ययोजना तयार गरी विगतका आय बक्यौता असुल गर्ने व्यवस्था गर्नुपर्दछ।
- नेपालको संविधानको धारा ५९ को उपधारा ७ मा सङ्घ, प्रदेश र स्थानीय तहको बजेट घाटा व्यवस्थापन तथा अन्य वित्तीय अनुशासन सम्बन्धी व्यवस्था संघीय कानुन बमोजिम हुने उल्लेख भएकोमा कतिपय प्रदेश र स्थानीय तहले यस सम्बन्धी कानुन निर्माण गर्दा संघीय कानुनसँग सामाञ्जस्यता कायम नगरेकोले यसमा सुधार हुनुपर्दछ।
- स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको सुविधा सम्बन्धी ऐन अनुसार मात्र पदाधिकारीलाई तोकिएको सुविधा व्यवस्था गर्नुपर्दछ। निर्वाचित हुने पद बाहेक राज्यकोषबाट तलव सुविधा बेहोर्ने गरी नियुक्त हुने सबै पदमा योग्यता र मापदण्ड तोकिनुपर्दछ।
- स्थानिय सेवा ऐन र नियम अनुसार सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा सङ्गठन संरचना निर्माण गरी स्थायी पद सिर्जना, पद दर्ता र पदपूर्ति गरी कर्मचारी व्यवस्थापन गर्नुपर्दछ।
- भौगोलिक अवस्था, स्रोतको उपलब्धता, सेवा प्रवाहको अवस्थासमेतका आधारमा कानुन बमोजिम जनशक्ति व्यवस्थापन गर्नुपर्दछ । पदाधिकारी तथा कर्मचारीहरूको क्षमता विकास गरी कार्यसम्पादनमा प्रभावकारिता ल्याउन प्रशिक्षण तथा तालिमको व्यवस्था गर्नुपर्दछ।
- अनुदान दिने विषय, क्षेत्र, वर्ग, समूहबारे कानुनबाट नै स्पष्ट गरी अन्तिम प्रयोगकर्तालाई प्रत्यक्ष फाइदा पुग्ने तथा उत्पादन र उत्पादकत्वमा वृद्धि हुने गरी अनुदान प्रदान गर्नुपर्दछ। अति विपन्न र न्यून आय वर्गलाई सेवामा पहुँच दिन प्रदान गरिने सुविधा सोही वर्गमा पुगेको सुनिश्चित गर्न सो प्राप्त गर्नेको विवरण सार्वजनिकीकरण गर्नुपर्दछ।
- व्यावसायिक प्रकृतिको संस्थाहरूलाई पुँजीगत अनुदान प्रदान गर्दा लाभग्राहीले प्राप्त गर्ने लाभको सुनिश्चितता हुनुपर्दछ। यस्ता संस्थाहरु विघटन भएमा बाँकी सम्पत्ति लगानीको अनुपातमा फिर्ता हुने सुनिश्चितता हुन पर्दछ। यस्तो निर्माण व्यक्तिगत स्वामित्व रहेको जग्गा वा सम्पत्तिमा गरिनु हुँदैन ।
- एउटै प्रकृतिको काममा समेत लागत अनुमान टुक्र्याई सोझै खरिद गर्ने, पूर्वानुमान गर्न सकिने अवस्थामा पनि लागत अनुमान यथार्थपरक तवरले तयार नगरी भेरिएसनबाट थप कार्य गराउने प्रवृत्तिमा नियन्त्रण गर्नुपर्दछ।
- खरिद सम्झौताको निर्धारित समयमा ठेक्काको काम सम्पन्न गर्नुपर्दछ। म्याद थप कार्यलाई वस्तुनिष्ठ र तथ्यमा आधारित बनाउनुपर्दछ। निर्माण व्यवसायी वा उपभोक्ताबाट भएको निर्माण कार्यको विस्तृत विवरण देखिने गरी तोकिएको ढाँचामा अभिलेख राख्नुपर्दछ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८(५) बमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन सार्वजनिक तथा सामाजिक परीक्षण र सार्वजनिक सुनुवाइ गर्नुपर्दछ।
- स्थानीय तहले आन्तरिक आयको परिधिभित्र रही मापदण्डका आधारमा आर्थिक सहायता वितरण गरी प्राप्त गर्नेको नाम सार्वजनिक गर्नुपर्दछ। त्यसैगरी अनुत्पादक र वितरणमुखी कार्यक्रममा गरिने खर्च घटाउनुपर्दछ।
- आधारभूत तथा माध्यमिक तहका विद्यालयहरूमा प्रचलित नियमले तोकेअनुसार शिक्षक विद्यार्थी अनुपातको आधारमा शिक्षक संख्या कायम गरी बढी भएका शिक्षकहरू समायोजन गर्नुपर्दछ।
- एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणालीमा रहेका विद्यार्थी संख्याको आधारमा दिवा खाजा, छात्रवृत्ति, पाठ्यपुस्तक र अन्य अनुदान रकम विद्यालयलाई निकासा दिनुपर्दछ।
- बजेट तर्जुमा पूर्व नै अनुमान गर्न सकिने शीर्षकमा समेत अर्थ विविध वा अबण्डामा बजेट राख्ने र वर्षान्तमा रकमान्तर गरी खर्च गर्ने परिपाटी नियन्त्रण गर्नुपर्दछ।

- पूर्व तयारीका कार्य सम्पन्न भएका आयोजनामा मात्र बजेट विनियोजन गर्नुपर्दछ। स्रोतको सुनिश्चितताबेगरका कार्यक्रम/आयोजनामा आगामी वर्षको लागि दायित्व सिर्जना गरी भुक्तानी बाँकी राख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।
- कार्यालय तथा अस्पताल भवन, सडक, सिँचाइ, खानेपानी जस्ता आयोजनाहरू कार्यान्वयन गर्दा स्पेसिफिकेशनले तोकेको संख्यामा निर्माण सामग्रीहरूको गुणस्तर परीक्षण गराउनुपर्दछ। साथै रनिङ्ग बिलसाथ गुणस्तर परीक्षण प्रतिवेदन संलग्न गरेर भुक्तानी दिनुपर्दछ।
- उपभोक्ता समितिबाट काम गराउँदा खरिद सम्झौतामा तोकिए बमोजिमको जनसहभागिताको अंश समितिबाट व्यहोर्ने गरी सम्झौता गरेकोमा कतिपय काममा सो अंश व्यहोरेको यकिन नगरी भुक्तानी दिएकोले सम्बन्धित कर्मचारीलाई जवाफदेही बनाउनुपर्दछ ।
- जटिल प्रविधि तथा उपकरणको प्रयोग हुने निर्माण कार्य र सामग्री खरिद गर्ने कार्य समेत उपभोक्ता समितिबाट गराएकोले सोमा नियन्त्रण हुनुपर्दछ।
- कृषि, पशु, सहकारी संस्था लगायतलाई विभिन्न प्रयोजनमा अनुदान उपलब्ध गराउँदा किसानको सूचीकरण, वर्गीकरण, परिचयपत्रको व्यवस्था गरी तीनै तहको समन्वयमा दोहोरो नपर्ने व्यवस्था गर्दै एकीकृत विद्युतीय अभिलेख राखी वितरण गर्नुपर्दछ। नाफामूलक संस्थालाई अनुदान वितरण गर्नु हुँदैन।
- सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (कोपोमिस) तथा विद्यमान सहकारी ऐन तथा नियमको आधारमा सहकारी संस्थाहरूको सुपरिवेक्षण गरी उक्त ऐन नियम अनुसार सञ्चालन भए नभएको सुनिश्चित गर्नुपर्दछ।
- आन्तरिक नियन्त्रण प्रणाली कार्यविधि तयार गरी कार्यसम्पादनलाई मितव्ययी, पारदर्शी र व्यवस्थित गर्नुपर्दछ। अन्तिम लेखापरीक्षण अगावै आन्तरिक लेखापरीक्षण सम्पन्न गरी सोबाट देखिएका बेहोरा जिम्मेवार व्यक्तिले फर्स्यौट गर्नुपर्दछ।
- वित्तीय अनुशासन कायम गर्न लेखापरीक्षण प्रतिवेदनको सार्वजनिकीकरण तथा बेरुजु फर्स्यौटको कानुनी व्यवस्था एवं संयन्त्र तय गरिनुपर्दछ । लेखा समितिको कार्यसञ्चालन सम्बन्धी कानुन तर्जुमा गरी सो समितिलाई प्रभावकारी बनाई बेरुजु फर्स्यौट कार्यलाई व्यवस्थित बनाउनुपर्दछ।
- सरकारी पेश्की बाँकी रहेकालाई सार्वजनिक पदमा नियुक्ति नगर्ने तथा निर्वाचित हुने पदको हकमा उम्मेदवार हुन वञ्चित गर्ने एवं म्याद नाघेको पेश्कीको विवरण सार्वजनिक निकायले आर्थिक वर्ष समाप्त भएको ७ दिनभित्र सार्वजनिकीकरण गर्ने कानुनी व्यवस्था हुनुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा असुल गर्नुपर्ने बेरुजु कायम रहेकोमा सो फर्स्यौट नगरुञ्जेल वृत्ति विकासमा रोक्का गर्ने तथा नयाँ नियुक्ति नहुने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा बेरुजु कायम भएमा सो व्यक्तिलाई उक्त बेरुजुबारे समयमै जानकारी गराउनुपर्ने र जानकारी नगराउने कर्मचारी उपर विभागीय कारबाही गर्ने कानुनी व्यवस्था गर्नुपर्दछ।
- जिन्सी सामग्री, यन्त्र उपकरण तथा औजारहरु आवश्यकता र औचित्यका आधारमा खरिद गरी उपयोगको सुनिश्चितता हुनुपर्दछ । मौज्दातमा रहेका यन्त्र, उपकरण र औजार मर्मत सम्भार गरी उपयोग हुन नसक्ने अवस्था एकीन गरेर मात्र खरिद गर्नुपर्दछ।
- जुनसुकै तरिकाले प्राप्त गरेको जिन्सी एवं सार्वजनिक सम्पत्तिको अभिलेख अनिवार्य रूपमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स) मा अभिलेख राख्नुपर्दछ।
- सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ अनुसार कार्यालयको जनशक्तिले गर्न नसक्ने कामको लागि मात्र परामर्श सेवा खरिद गरी परामर्शदाता माथिको निर्भरता कम गर्नु पर्दछ । तयार गरिएका विस्तृत आयोजना प्रतिवेदन लगायतका प्रतिवेदनहरू क्रमिक रुपले कार्यान्वयन गर्नुपर्दछ।
- सरकारी डिजिटल सेवाहरूको गुणस्तर, पहुँच र विश्वसनीयता बढाउन सेवा स्तर सम्झौता तथा गोपनीयता सम्झौता अनिवार्य गर्नुपर्दछ। एकै प्रकारको कामको लागि निकायगतरूपमा अलग - अलग सूचना प्रविधि प्रणाली खरिद गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ।
- सेवा प्रवाहको प्रभावकारिता लागि नागरिक सचेतना वृद्धि कार्यक्रम गर्नुका साथै नागरिकबाट पृष्ठपोषण प्राप्त गर्ने विधि अवलम्बन गर्नुपर्दछ। समयको उपलव्धता एवं सेवा खरिद गर्ने सामर्थ्य सहितको सेवा प्रवाह तय गरिनुपर्दछ।
- सेवाग्राही समेतको योगदानमा आधारित रही विभिन्न कोषको स्थापना भएकोमा यस्ता कोषको रकम खर्च गर्दा सेवाग्राहीको हित संरक्षण भएको सुनिश्चितता हुनुपर्दछ।
- संघ र प्रदेशबाट प्राप्त अनुदानमध्ये खर्च नभई वर्षान्तमा बाँकी रहेको मौज्दात आर्थिक वर्ष समाप्तिपश्चात् समेत फिर्ता हुँदा खर्चमा यथार्थता नदेखिएकोले सोमा सुधार गर्नुपर्दछ।

- आन्तरिक लेखापरीक्षण नुहने, भएकोमा प्रतिवेदन नदिने, प्रतिवेदनमा उल्लिखित बेहोरा कार्यान्वियन नहुने, आन्तरिक लेखापरीक्षकलाई फरक जिम्मेवारीमा खटाउने गरेकोले आन्तरिक लेखापरीक्षण प्रभावकारी देखिँदैन। आन्तरिक लेखापरीक्षणलाई प्रभावकारी बनाउनुपर्दछ।
- पालिकामा निर्माणाधीन भवन समयमै निर्माण सम्पन्न गर्नुपर्दछ। पालिकामा सञ्चालित भवनको कारोबारको लेखाङ्कन तथा प्रतिवेदन सुत्र प्रणाली बमोजिम गरी पालिकाको वित्तीय विवरणमा खुलासा गर्नुपर्दछ।